**प्रदेश सभा**

**सुदूरपश्चिम प्रदेश**

२०७७/०२/१३

छैटौं अधिवेशन

(पहिलो बैठक)

बाचन पत्र (रिडिङ्ग पेपर)

**पिठासिन माननीय सभामुख अर्जुन बहादुर थापा**

१. **माननीय सदस्यहरू,**

यस सभाको छैटौ अधिवेशनको पहिलो बैठकको कार्वाही प्रारम्भ हुन्छ ।

२. **माननीय सदस्यहरू,**

छैटौंअधिवेशनको पहिलो बैठकमा सम्पूर्ण माननीय सदस्यहरूलाई हार्दिक स्वागत छ । यो अधिवेशन उपलब्धी मूलक रहोस भनी शुभेक्षा व्यक्त गर्दछु । माननीय सदस्यहरुले अझै मर्यादित तथा अनुशासितत भई सक्रियरुपमा सहभागी हुदैं बैठक सञ्चालनमा सहयोग पुऱ्याउनु हुने छ भन्ने अपेक्षा राखेको छु साथै विश्वभरी महामारीको रुपमा फैलिएको कोरोना भाइरसबाट आफु सुरक्षित रही अरुलाई पनि सुरक्षित गराउने तर्फ पहल गर्न हुन समेत अनुरोध गर्दछु ।

३. **माननीय सदस्यहरु,**

संघीय लोकतान्त्रीक गणतन्त्र प्राप्तीका लागि संघर्ष गर्दै आफ्नो प्राणको आहुती दिने ज्ञात अज्ञात शहीदहरू प्रति सम्मान प्रकट गर्न आ-आफ्नो स्थानबाट उठेर १ (एक) मिनेट मौनधारण गर्न सम्पूर्ण माननीय सदस्यहरूलाई आग्रह गर्दछु ।

माननीय सदस्यहरू, आ-आफ्नो ठाउँबाट उठेर एक मिनेटको मौनधारण गरौं ।

४. **माननीय सदस्यहरू,**

प्रदेश प्रमुखको कार्यालयबाट मिति २०७७।०२।०६ च.नं.१४० को पत्र प्राप्त हुन आएको छ। अब, म उक्त पत्र पढेर सुनाउछु ।

**विषय: प्रदेश सभाको छैटौं अधिवेशन आव्हान गरिएको ।**

माननीय सभामुखज्यू,
प्रदेश सभा, सुदूरपश्चिम प्रदेश,
धनगढी, कैलाली ।

नेपालको संविधानको धारा १८३ को उपधारा (१) बमोजिम सुदूरपश्चिम प्रदेशको प्रदेश सभाको छैटौं अधिवेशन मिति २०७६ साल जेष्ठ १३ गते मंगलबार दिनको २:०० बजे बस्ने गरी आव्हान गरेको छु ।

सर्मीला कुमारी पन्त
प्रदेश प्रमुख

**बोधार्थ**

माननीय मुख्यमन्त्रीज्यू,
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
धनगढी, कैलाली ।

५. **माननीय सदस्यहरू,**

पांचौ अधिवेशनमा पारित भएकानीजि व्यवसाय दर्ता गर्ने सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक,२०७६ र साझेदारी व्यवसाय दर्ता गर्ने सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक,२०७६ मिति २०७६।११।२२ मा माननीय प्रदेश प्रमुखबाट प्रमाणीकरण भएको जानकारी गराउछु ।

६. **माननीय सदस्यहरू,**

छैटौं अधिवेशनको पहिलो बैठक भएकोले शुभकामना आदान प्रदान प्रयोजनका लागि प्रदेश सभामा प्रतिनिधित्व गर्ने प्रत्येक राजनैतिक दलहरूबाट प्रतिनिधित्व हुने गरी केही माननीय सदस्यहरूलाई बोल्ने अवसर प्रदान गर्न सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम ५७ बमोजिम विशेष समय निर्धारण गरेको छु । सर्व प्रथम माननीय तारालामा तामाङ्ग लाई समय दिन्छु।

माननीय तारा लामा तामाङ्ग :- आज हामी छैटौं अधिवेशनको पहिलो दिनको बैठक प्रदेश प्रमुखको आव्हान बमोजिम आज बैठक बसिराखेको छ । यो बैठकमा म नेपाल कम्यनिष्ट पार्टी नेकपा सुदुरपश्चिम प्रदेश ससंदीय दलको तर्फबाटबाट नै स्वागत गर्न चाहान्छु । यो प्रदेश सभाको बैठकले हाम्रो सुदूरपश्चिमका जनताहरुको पक्षमा प्रदेश सभाले गरेका कामहरु जनताको पक्षमा हुनेछ र प्रदेश सभाले बनाएका नियम कानुनहरुलाई कार्यान्वयन गर्न र प्रदेश सभएको भावना लाई समेटेर लगातार अगाडी बढ्नेमा पनि हामी शुभकामना दिन चाहान्छौ । आज हाम्रो देश लगाएत विश्वको सबैजस्ता देशहरुले सवै राष्ट्रहरुजसो कोरोनाबाट त्रसित छन कोरोनाको कारणले अस्त व्यस्त छन् यस्तो परिस्थितीमा हाम्रो बैठक भैराखेको छ यो बैठक गरिरहँदा हामीले सामाजिक दुरी कायम गर्ने कुरा यो संक्रमणलाई न्युनीकरण गर्ने कुरा र आफुले गर्ने व्वहारका कुराहरुमा पनि सजगता अपनाउनुपर्नेछ । त्यस तर्फ हाम्रो पनि ध्यान रहने छ । अवस्य पनि हाम्रो मन जनताको प्रतिनिधिको हैसिएतले हामी धेरै कुराहरु गर्न खोजेका थियौं । र धेरै कुराहरु एहाँ गर्ने हुदाँ पनि बैठकमा ध्यान केन्द्रित गर्नु पर्ने समएमा हामी यो कोरोना भाइरसको कारणले जुन तरिकाले देश अहिले लकडाउनमा छ । देश अहिले लकडाउनको परिस्थितिमा गुज्रिराखेको छ, यो हाम्रो रहर होइन, यो सरकारको रहर होइन यो एउटा बाध्यता थियो । र यो बाध्यतालाई सवै जनताले बुझेर नेपाल सरकारले आह्वान गरेको यो लकडाउन लाई सवै जनताले साथ दिएको छ । देशका सवै एकजुट भएर अगाडी बढीराखेका छन। केहि कमिकमजोरी भएको छ भने त्यसलाई सच्याउदै अगाडी बढ्ने कुरामा हामी एकमत छौं । र म भन्दा पछाडी पनि बिपक्षी दलको आदरणीए नेताज्युले पनि यसतर्फ बोल्नुहुने नै छ । यसमा हामी के प्रतिपक्ष के पक्ष सबै एकजुट भएर अगाडी बढीराखेको छौ । र कोरोनालाई हामीले परास्त गर्न अर्थात कोरोना भाईरस लाई संक्रमित हुन नदिन अवलम्बन गर्ने कुरामा हामी अगाडी बढ्नै पर्छ र यो काममा हाम्रो प्रदेश सरकारले आफुले र आफ्नो बुध्दिबिवेकले भ्याएसम्म काम गर्न खोजेको छ शुरुमा नै जव लकडाउन भयो जनताहरुले आवाज उठाउन लागे को कुरा राहतको कुराहरु आईसकोपछी सबै स्थानिए तहमा जुन तरिकाले क्वारेन्टाईनको व्वस्थापन गर्ने भनेर बजेट विनियोजन गर्ने भनेर पठाइयो । त्यो वजेट प्राप्त गरिसकेपछी स्थानिए तहले क्वारेन्टाईन बनाउने र प्रदेश सरकारको स्पिड वमेजिम त्यो

लाई नेपालमा भित्र्न सक्ने सङ्ख्या एकिन गरेर व्वस्थापन गर्नमा स्थानीएतहरु जसरी लाग्नुपर्ने थियो त्यहि भएको नै व्वस्थापन गरिरहँदा केही गर्न सकिएन । र अहिले प्रदेश सरकारले त्यसपछी राहतको सन्दर्भममा कुरा उठ्दा केन्द्र सरकारको .मापदण्ड बमोजिम मापदण्ड भित्र रहेर प्रदेश सरकारमार्फत बजेट पठाएको कुरा पनि छ । र त्यो सवै कुरो गरिरहँदा हामीले अलिकति हाम्रो कमजोरी के भयो भने व्यवस्थापन पक्ष र हाम्रो त्यो पुर्याउने पक्ष नजादा खेरि अहिले गाऊघरमा प्रदेश सरकारको कामलाई त्यँहा नपुगेकोले अलि नजरअन्दाज गरिराखेको र अलि उपस्थिती न्युन देखीएको गुनासाहरु आइराखेको छ ।यो सन्दर्भममा हामी प्रदेश सरकारले, हामीले अझै सुधारेर काम गर्दा हाम्रो सिङ्गो प्रदेश सभालाई कसरी मोभिलाईज गर्ने त्यस तर्फ ध्यान दिनुपर्छ यो मामिलामा हामी के कमजोरि भएको छ ।हामी स्विकार्न पनि सक्छौ, यो कमजोरि ले गर्दा आज मान्छेले एहाँका जनताहरुले प्रदेश सरकारको बारेमा टिकाटिप्पणी उठाउनि जुन मौका प्राप्त गरेको छ त्यो हाम्रै कारणले भएको होला भन्ने मैले अनुमान गरेको छु र अब आईन्दा हुने छैन र यो कोरोनाको कारणले हामीले अघी कोरोनाबाट प्रभावित भइ मूत्यूवरण गरेका व्यक्तिहरु आदरणीय सहिदहरु प्रती सम्मानका साथ, सद्धासुमनका साथ हामीले एक मिनेट मौन धारण गर्यौं । हाम्रो नेपालका लगायत विश्वका अन्य मुलुकमा रहेको नेपालीहरुको ज्यान गएको छ। विश्वका अन्य नागरिकहरुको ज्यान गएको छ त्यसमा हामी श्रद्धाञ्जली दिन चाहान्छौं र कोरोनाबाट संक्रमित व्यक्तीहरुको पनि सिघ्र स्वास्थ्य लाभको कामना गर्छु र क्वारेनटाइनमा बसेका आदरणीय दाजुभाई, दिदिबहिनीहरु लाई पनि सरकारले गरेका मापदण्डहरु, सरकारले आह्वान गरे बमोजिम र स्वास्थ्यकर्मिले भने बमोजिमको कुरामा उहाँहरुले यसलाई एकदम उच्च मनोबलका साथ अगाडी बढ्नु हुनेछ र त्यो काम गर्नुहुनेछ । एसै सन्दर्भमा हाम्रो देशबाट विभिन्न रोजगारीको शिलशिलामा भारत लगायत विदेशका धेरै ठाउमा नेपालीहरु छन आपत परेका नेपालीहरुलाई नेपाल सरकारले उद्धार गर्ने भनेकै छ । त्यसैगरी हाम्रो मुलुक हाम्रो नजिकको मुलुक भारतमा रहेको कैयौ हजारौ, लाखौ नेपालीहरु भारतमा रोजगारीको सिलसिलामा, विभिन्न व्वसायको शिलशिलामा, अध्ययनको शिलशिलामा विभिन्न तरिकाले भारतमा रहेर अप्ठ्यारोमा परेका नेपालीहरुको उद्धारको लागि सरकार कटिबद्ध छ र त्यहाँबाट आएका नेपालीहरुलाई हामीले व्वस्थापन गरेर गन्तव्य स्थानमा पुर्याउनु पनि पर्ने छ ।यो पुर्याईरहदा संक्रमणलाई न्यनिकरण गर्ने गरि हामीले पठाउनु पर्ने छ ।एस काममा हामी सवै लाग्नुपर्नेछ  र यो काममा लागेका खासगरी सुदूरपश्चिम प्रदेश भएको कारणले कैलाली र कञ्चनपुरका आदरणीए जनसमुदाएलाई म यो प्रदेश सभामा संसदीय दलको तर्फबाट उहाँहरुले जुन उताबाट आएकाहरुलाई प्रशासन मार्फत आएर आफ्नो व्यक्तिगत रुपले जुन सहयोग गर्नु भएको छ त्यसको लागि पनि धन्याबाद दिन चाहान्छु र कञ्चनपुर कैलालीका नाकाहरुबाट भित्रिएका बौडरमा अलपत्र परेका नेपालीहरुलाई व्यवस्थित तरिकाले गन्तव्य स्थान सम्म पुर्याउन प्रदेश सरकार पनि कटिबद्ध छ । प्रदेश सरकार कानूनी प्रक्रिया र अलिकति यो कारणले नै भन्नुपर्छ यो काममा जनता भन्दा अलि हामीपछाडी परेको पनि छ। यो भनिरहदा हामी यो वा त्यो भनेर त्यसमा लुकिछिपि गर्नु छैन एसकारणले जनतालाई साथमा लिएर प्रदेश सरकार अगाडी बढ्नुपर्छ, जनतालाई आहवान गर्नुपर्छ र

राष्ट्रसेवक मित्रहरुलाइ यो काममा खटिनि खासगरि अग्रमोर्चामा खटिनि हाम्रा सुरक्षाकर्मी, हाम्रा स्वास्थ्य कर्मि, चिकित्सक यो सँग सम्वन्धित व्यक्तिहरु अहोरात्र खटिने हाम्रा पत्रकार बन्धुहरु, यो काममा खटिने हाम्रा स्थानिएतहका जनप्रतिनिधिहरु सांसदहरु सवैलाइ धन्यबाद दिनुपर्छ र यो खटिरहदा हामीले समग्र सरकारलाई धन्यबाद दिन कन्जुसाईपनि गर्न हुदैन। किनभने यो सबको पछाडी सरकारको हात छ र सरकारले व्वस्थापन गर्न लागिराखेको छ। तर पनि जनताले अज हाम्रो क्रियासिलतालाई घोचिराखेको, छ यो क्रियासिलतालाई हामीले जनताले खोजिराखेको क्रियासिलतालाई जनताको चाहना बमोजिम हामो अग्रपंक्तिमा उभ्याउन हामी खट्नुपर्छ ।र यो कुरामा म फेरि पनि आग्रह गर्न चाहान्छु हामीले बौडरबाट पठाएका व्यक्तिहरुलाई हाम्रा दाजुभाइ, दिदि, बहिनिहरुलाई कैलाली, कञ्चनपुर देखी पहाडका सात जिल्लाका आदरणीए जनसमुदाए यो नाकाबाट छिरेका ।अन्य प्रदेशका आदरणीए दाजुभाइ, दिदि बहिनिहरु आफ्नो गन्तव्य स्थानसम्म पुगाउन हाम्रो अहोरत्र प्रयासलाई हाम्रो सरकार त्यसमा अग्रपंक्तिमा हुने कुरामा हामी विश्वष्त। छौ त्यस काममा लागिराखु भएको पनि छ र अलपत्र परेका व्यक्तिहरुलाइ खानपिनको व्वस्थापनमा अहिले प्रदेश सरकार अग्रसर भएको छ रआज हामी जनताको अपेक्षालाई अज एसले राम्रो गर्नेछ भन्ने कुरामा विस्वस्त छौ र यो काममा सहयोग गर्ने सबै मनकारी आदरणीए जनसमुदाए लाई हामीले धन्यबाद दिनै पर्छ ।एउटा समुदाए आफ्नो शास्त्रलाई पनि ध्यान नदिएर खटिराखुभएको छ । आफ्नो सम्पति त्यहा डुबाईराखेको छ, सहयोग गरिराखेको छ । केहि व्यक्ति एहि मौकामा दुईचार रुपैया भा पनि बढी कमाम भनेर लागिराखेको छन। त्यस्ता व्यक्तिहरुलाई हामीले हाम्रोतर्फबाट के गर्न सकिन्छ, कसरि बहिस्कार गर्न सकिन्छ र कसरि समाजमा एसलाई ल्याउन सकिन्छ त्यो काममा पनि लाग्नुपर्छ खासगरि अहिले स्वास्थ्यका सामग्रिहरु खानेपानि का कुनै चिजहरु जुन अपरिहार्य चाहिने चिजहरु छन त्यसको बजारमा कृतिम बजारको अभाव सृर्जना गरेर भयंकर रेट लिराखेको जनगुनासो पनि आएको छ एसमा हामी सजगताका साथ अगाडी बढ्नुपर्छ एस्ता तत्वहरुलाई हामी सबै मिलेर प्रास्त पनि गर्नुपर्छ। त्यस काममा हामी लाग्नैपर्छ र यो काममा प्रदेश सरकारको अहिलेको स्थितिमा आफ्नो सबै पद्धतीहरु, सिस्टमहरु तयार नभैराखेको खण्डमा प्रदेश सरकारको पहिलो विस्वास पात्र भनेकै प्रदेश सभाको सांसदहरु हो प्रदेश सभाका सासंसदहरुको सल्लाह लिएर आफ्नो अरु जनसमुदाएको सल्लाह लिएर कसरि जाने त्यसतर्फ हाम्रो प्रदेश सरकार अगाडी बढ्ने कुरामा हामी विस्वस्त छौ । र सम्पुर्ण विदेशबाट फर्कन चाहने नेपालीहरुलाई सुरक्षित साथ गन्तव्य तर्फ पुर्याउनमा हामी अगाडी बढ्नुपर्छ र एसै सोचेभन्दा धेरै नेपालीहरु नेपाल भित्रिएपछि अब हाम्रो बजेट त्यसतर्फ उल्लेख हुनुपर्छ जस्तो लाग्छ । हाम्रो बजेट अब कृषिलाई आत्मनिर्भर वनाउनेतर्फ, कृषि पेसा गर्नेलाई र स्वरोजगारका काम गर्नेहरुलाई सरकारले अज राम्रो गर्नुपर्छ अज सहयोग गर्नुपर्छ र एसको खोजि नीएत गर्ने काम गर्ने कुरामा विस्वस्त छौ । एसैगरि स्वास्थ्यको सेक्टरमा पनि हामी हिजो कुन स्थितिमा थियौं पहिलोपटक कोरोना भाइरसको संक्रमण व्यक्तिको कोरोनाको चेक गर्न हामी धनगढी पठाउनुपरेको थियो । त्यो सिस्टमलाइ हामी सुदुरपश्चिमले पनि पछी काठमाडौंमा भयो पछी हाम्रो काठमांडौ पठाउनुपरो अहिले सुदुरपश्चिमकै धेरै जिल्लामा खोपको विस्तार गरेको छ सरकारले

गरिराखेकै छ हाम्रो प्रदेश सरकार एसमा एक कदम अगाडी बढीराखेकै छ तर त्यसको हामीले अज व्यवस्थित तरिकाले भएको छैन स्थानिए तहहरुले स्थानिए स्रोतसाधनको प्रयोग गरेर क्वारेन्टाईनमा राखेको छ । तर हामीकहिले को मापदण्ड हेरेर स्पेनको जस्तो काठमांडौको जस्तो क्वारेन्टाईन हाम्रो गाउघरमा नहुनसक्छ तर अधिकतम आफ्नो स्रोतसाधनको प्रयोग गरेर उहाँहरुले प्रएत्न गरिराखेको छ क्वारेन्टाईन मा रहेका हरुलाई त्यही कारणले अब सबै नेपाली भित्रिसकेपछी क्वारेन्टाईन का कार्यक्रमहरु को बजेट विनियोजित गर्नुपर्छ विकासका कामहरु पनि त्यहाको जनताले रोजगारी पाउनेगरि गर्नुपर्छ । हामी अहिले विडम्बनाका साथ भन्नुपर्छ प्रदेश सरकारको बजेट प्रदेश पुर्बाधार विकासको बजेट जेठ २ गते अख्तियारि गको भन्ने सुने मैले एसको मंसिरको अन्तिम सम्म सबै सम्पन्न योजना हरु दिईसकेको छु जेठको अन्तिम चैत्रको ११ गते लकडाउन भयो हामीले त्यति ध्यानदिन सकेनौ अहिले त्यो बजेटलाई जादाखेरि त्यो बजेट प्रदेश सरकारकै मानिसहरुबाट गएको छ तर सानोसानो योजनालाई पनि खाका सिस्टममा लानुपर्छ भनेर भनिराखेको छ रे, एउटा मन्त्रालएको एउटा कार्यालएले पुर्बाधारको कार्यक्रम नै गर्दैन भनेर सरकारलाई बिदा दियो , त्यस्तो मन्त्रालएको नेतृत्व गर्ने मन्त्री ज्यू, एस्तो कार्यालएको नेतृत्व गर्ने कर्मचारी यात प्रदेश सरकार प्रति पुर्ण वफादार नभको या त, सांसदहरुलाई वेवास्ता गरेको, सरकारले निर्णए गरेको दिनी तर त्यो फिर्ता गराउनि अहिले पनि त्यो योजना हरु वेवारिसे छन कल्ले कार्यान्वयन गर्ने भन्ने यो हालतले पुगेको छ । हो योजनाहरु कहिँकतै कमिकमजोरि हुन्छ भने त्यो कमिकमजोरि देखाउनुपर्छ र त्यो योजनाहरुलाई तिब्रताहरुले सिधै योजना सम्पन्न् गर्ने गरि स्थानिए रोजगार उत्पादन हुनेगरि काम गराउनैपर्छ । एस तर्फ सरकारको ध्यान जानै पर्छ र अब हामीले यो योजनाहरुको सँगसँगै हाम्रो क्वारेन्टाईन मा बसेकाहरुको चेक गर्ने कि चिकित्सकहरुको सल्लाह बमोजिम कसलाई गर्नि सबै कुरामा प्रदेश सरकारले ध्यान अज दिनुपर्नेछ र यो अज एसमा खटिएकाहरुलाइ प्रोत्साहन गर्नुपर्छ अज एसमा हामीले जनचेतना जगाउनुपर्नेछ र किन जनचेतना जगाउनुपर्नेछ भने क्वारेन्टाईन वसिसकेपक्षी हामीले ध्यान दिइराखेका छैनौ उहाँहरुको मनस्थितिलाई यथास्थितिमा ल्याउनको लागि पनि विभिन्न जनचेतनाका कार्याक्रमहरु, विभिन्न कार्यक्रमहरु सञ्चालन पनि गर्नुपर्नेछ र अहिलेको परिस्थितिमा पनि त्यो गर्नुपर्ने छ र हामीले खासगरि गत वर्ष यहि रोस्टममा विपक्षीले सांसद घेर्यौ केहि सांसदहरुले आफ्नो सरकारको योजनामा अलिकति फरक भयो भनेर पेश गर्यौ । तर सरकारले आफ्नो तरिकाले नै अगाडी बढेको भन्ने आरोप छ र त्यो आरोप आइरहदा त्यो सांसदहरुको भावना बमोजिम यो सरकारका केहि मन्त्रीहरु ले काम गरेको छैन जैले पनि सरकारले सांसदहरुलाइ कुरोमा एउटा व्यवहारमा एउटा गर्ने गर्या छ म आजै पनि सुन्दै छु आफ्ना च्यानलहरु प्रयोग गरेर केके योजना काका ल्याउनुपर्ने ल्याइसक्या छ रे जब कि अहिलेसम्म हामी सबै सांसद बसेर कुन तरिकाले बजेट लानी छलफलै भएको छैन योजना करिब करिब सबै सेटिङ्ग गरेर ठ्याक्कै सकीसकेको छ भन्ने आएको छ त्यस्तो परिस्थितिमा अबको सांसद ले सरकारको पछाडी यो प्रदेश सभाले सरकार बनाइनको सोच्नि बेला आएको छ । सोच्नै पर्छ त्यस कारणले सरकारले पनि अब यसको हेक्का राख्नैपर्छ । हामी सबै मन्त्रीहरु लाइ यो संसद प्रति जवाफदेहि हुन आग्रह गर्छु सबै

मन्त्रीका सरकारका मन्त्रीहरुलाइ सरकारले आफै विधेएक ल्याउछ प्रदेश सभाबाट विधेएक पारित भएर ऐन बन्छ लालमोहर राख्छ कानुन कुन चरणमा छ हामीले हेरेको छैन हामीले काम लाग्नी मात्रै ऐनहरु लागु गर्ने ।हामीलाई अलिकति आफु अनुकुल नभको ऐनहरुलाई हामी अलिकति नजरअन्दाज गरेको छ भन्ने गुनासो आएको छ बाहिर त्यसकारणले त्यसको पनि समिक्षा गर्नुपर्नेछ । बाहिर जनताले अहिले प्रदेशको बारेमा टिकाटिप्पणी गर्दै छन यो टिकाटिप्पणी हुने वाताबरण हाम्रो कारणले भयो त्यसमा हामी सुध्रिनुपर्छ । हामीले सुधार्नुपर्छ त्यो सबै कुरोको छिनोफानो यहि छैटौं अधिवेशनको पहिलो वैठकले गर्ने छ। मलाइ विस्वस्त छ गर्नु पनि पर्छ, गरिन्छ पनि प्रदेश सभा जुन इतिहास हामीलाई बोकाको छ हामीले जे इतिहास हामीले जे बंस बसायौभविस्का प्रदेश सभा त्यही युगमा चल्ने हो त्यही स्पिडमा चल्ने हो त्यसकारणले अव प्रदेश सभएको गरिमालाई कसरि जोगाईराख्रेर, जोगाइनु पनि पर्नेछ हाम्रो मुख्य मन्त्री देखि मन्त्री सवै यै प्रदेश सभाले एसकै सदस्य हो यही प्रदेश सभाले चुनेको हो यो पनि हेक्का राखीनुपर्छ हामीलाई त्यो हेक्का राखेर राम्रो प्रदेश सभा र सरकारको सुमधुर सम्वन्ध गरेर जनतालाई देख्रेगरि हामी जनताको प्रतिनिधि हौ जनता भन्दा अलग होईन जनताको चाहना वमोजिम होला जनताको ठुलो चाहना होला सकिएन भने यो कारणले सकिएन सकिन्छ भने यो कारणले सकिन्छ जति बोलिन्छ त्यति गर्नु पर्यो यहा धेरै मन्त्रीहरुको बोल्नि कुरोमा पनि जनताले मसँग बारम्बार आहवान गरेको छ, भनेको छ । त्यसकारणले यो कुरा मा यो प्रदेश सभामा अब देखी हामीले यो शुभकामना दिन चाहान्छौ अब हामीएस तर्फ जाओस यो प्रदेश सभाले अब सबैलाई ट्र्याकमा ल्याउने छ अब हामी विस्तारै सिकिराखेको हुनाले एस्तो कमिकमजोरि भएको हुनसक्छ, सिकिरहको हुनाले हामीले दुई बर्षको तेस्रो बजेट अब को चौथो बजेट हामी प्रस्तुत गर्न गइराखेका छौ धेरै जसो सांसदलाई स्याडोमा राखेर ल्याको बजेट हामीले पास पनि गरेका छौ अब पनि त्यसरि ल्याउने कुरामा हामीलाई विस्वस्त छैन अब फेरि सबैलाई समेटेर ल्याउछौ भन्ने कुरामा यहाका सबै सांसद विश्वस्त छन् त्यसरी नै ल्याउछ होला भन्ने कुरामा हामी आशावादी छौ । बोल्नि एउटा, गर्नि एउटा लेख्रि एउटा, कार्यान्वयन गर्दा अर्को गर्नि भनेर आरोप आइराखेको छ मेले त्यो चाहि होइन भन्या छु तर कहि कामकारवाहि हेर्दा त्यस्तो देखीन्छ अहिले प्रदेशका सांसदहरुले आफुले बाडेको आफुले त्यो सरकारले बनाएको नियम वमोजिमको समिति मार्फत बाडेर सरकारले नै कार्यान्वयन गर्ने बजेट अलिकति न्यायोचित तरिकाले वितरण गरेको बजेट ९०% त्यो सकसेस त्यो बजेट कार्यान्वयन नहुने देखिन्छ एदि कार्यान्वयन भयो भने पनि प्रेसरमा कार्यान्वयन गर्नु पर्ने देखिन्छ यो असार मसान्तमा हिजो आज सम्झौता गर्दै छ कञ्चनपुर निर्वाचन क्षेत्र नः १ को तारालामा सांसदको ५०% प्रतिशत भन्दा बढी सम्झौता भको छैन रे अनि त्यो बजेट सम्झौतै गरिहाल्यो भने असार १५ मा सकिने त्यसकारणले एउटै पनि क्रमागतमा लानि कि त्यो सोच्नै पर्छ संसदले बनाको हुनाले सरकारले त्यो सोच्ने छ त्यो काममा सरकार लाग्ने छ त्यसको समिक्षा भएन भने सरकारको समिक्षा पनि गर्ने छ यल्लाई अन्याथा नलिनु होला तर सुधारेर राम्रो गर्यो भने राम्रो सँग चलाउनुपर्छ सरकारले प्रदेश सभा भएको अनुभृति प्रदेशका सांसद भएको अनुभुति हुने गरि यो बजेट सत्रमा देखाउनुहुने हामीलाई पुर्ण विस्वास छ त्यो पुर्ण विस्वास लाइ हाम्रा सरकारले यसमा ध्यान दिने

छ र म अन्तमा अहिले पनि देश २१ औ शताव्दिमा मान्छे अब यहाँ बसेर अमेरिकाको मान्छेसँग मिटिङ्ग गर्ने यहि बसेर अमेरिकाको सबै गतिविधि थाहा पाउने बेला चन्द्रमामा त उहिले खुट्टा टेकिसकेको प्राणी मानव जाति भएको । यो देशमा अझै पनि जातिय छुवाछुत विभिन्न क्षेत्रिए नारा, विभिन्न भेगिए नारा, विभिन्न किसिमले जुन तरिकाले प्रपाडित गरेर अहिले कर्णाली प्रदेशको रुकम र चौरजहारी भन्ने ठाउमा जसरि यो जातिय छुवाछुत को कारणले त्यहा हत्या भएको छ त्यसको निष्पक्ष छानविन गरेर दोषीलाइ कडा कारवाहि होस आगामि दिनहरुमा त्यस्तो घटनाहरु नघटुन र त्यसको लागि पनि म यहाँबाट आवाज उठाउन चाहान्छु र हामी सांसदहरुले पहिले हामी आफै सुध्रिउ र सामाजिक दुरि कायम गर्ने सन्दर्भ देखि लिएर अब यो कोरोनाबाट संक्रमितहरुलाइ अज व्यवस्थित तरिकाले त्यहाबाट मुक्त गराउन कोरोनालाइ जित्न र नेपाल भित्रिएका आदरणीय दाजुभाइ, दिदिबहिनी सबैलाइ रोजगार मुलक कार्यक्रमहरु सृजना गर्न कृषिमा हामी आत्मनिर्भरका साथ निर्यातमुखी कृषि व्यवसाए सञ्चालन गर्न र स्वास्थ्यका हरेक युनिटमा, स्वास्थ्यको सेक्टरमा पुर्याउन र जनचेतनाका कुरा हरु जगाउन र जनताको भावना वमोजिमको भौतिक पुर्वाधार विकास गर्न यो प्रदेश को छेटौ अधिवेशनको पहिलो बैठकमा शुभकामना दिन चाहान्छु । छेटौं बैठकले यो सबैकाम गर्न सहयोग पुग्ने छ र हामी फेरि पनि आग्रह गर्छौं बाहिरबाट आएका, बिदेशबाट आएका हाम्रा नेपालीहरुको उचित व्यवस्थापनमा प्रदेश सरकारले अझै आफ्नो नेतृत्वमा त्यो काम गरेको हामीले देख्न पाउने विश्वास गर्दै यो प्रदेश सभामा सबै माननीय ज्यू हरुलाइ स्वागत गर्दै यो प्रदेश सभाले राम्रो निर्णयहरु गर्ने कुरामा आशा गर्दै, शुभकामना दिदै बिदा हुन्छ धन्यबाद

**माननीय रण बहादुर रावल**

माननीय सभामुख महोदय, उपस्थित माननीय मन्त्री ज्युहरु र माननीयहरु, कर्मचारीहरु सर्ब प्रथम त आजबाट शुरु हुन गै राखेको यो छैटौ बर्षे अधिवेशनमा उपस्थित सम्पुर्ण महानुभावहरुमा यो अधिवेशनको सफलताको शुभकामना दिन चाहान्छु । यो अधिवेशनले पक्कै पनि मेरा मित्र सत्ता पक्षका प्रमुख सचेतकज्यु हुनुहुन्छ यो सुदूरपश्चिम प्रदेशको अनुहार फेर्नमा टेवा पुग्ने छ । नयाँ इतिहास कोर्ने छ भन्ने विश्वास लिएको छु यो अधिवेशन पक्कै पनि परिणाममुखी, यो अधिवेशन पक्कै पनि सुदुरपश्चिमका जनताले अपेक्षा गरेअनुसार साच्चै उपलब्धी मुलक हुने छ भन्ने मैले विश्वास लिएको छु । यो अधिवेशनको दौरानमा हामीलाई थुप्रै चुनौति परिरहेको छ कोभिड-१९ को भाइरसका कारण यो रोगको कारणले देश त्रयमान छ, प्रदेश त्रायमान छ। यसैले यो अधिवेशन बहुतै महत्वपुर्ण अधिवेशन छ । हामी गम्भिर भएर यि चुनौतिहरुलाइ सामना गर्दै अझ बढी सबल भएर यो प्रदेशको जनताले अपेक्षा गरे अनुसार, यहाँका सभासदहरुले अपेक्षा गरेअनुसार, सम्पुर्ण तहका व्यक्तित्वहरुले अपेक्षा गरे अनुसार कार्य हुनेछ भन्ने मैले विश्वस लिएको छु । त्यसको लागि म शुभकामना दिन चाहान्छु सर्ब प्रथम त ति कोभिड-१९ को कारण सयौको संङ्ख्यामा प्रवासमा रहेका नेपालीहरुले पनि मृत्यबरण गर्नु पर्यो उहाहरु प्रति श्रद्धाञ्जली दिन चाहन्छु । उहाहरुको आत्माको चिरशान्तिको कामना पनि गर्न चाहन्छु झन्डै-झन्डै ४०० जति अहिले संक्रमित छन केहि निको भएर गएका पनि छन तर विश्मा हेर्दा झन्डै ३ लाख भन्दा

बढी मान्छेले मृत्यवरण गरिसकेको अवस्था छ झण्डै झण्डै ५५ लाख भन्दा बढी मान्छै संक्रमित अवस्थामा त्यस कारणले गम्भिर कालखण्डमा गुज्रिएको अवस्था छ । माननीय सभामुख महोदय, यही सन्दर्भमा केहि सुखद कुराहरु पनि त्यस सन्दर्भमा म शेयर गर्न चाहान्छु सुदूरपश्चिमकै एउटा भु-भाग त्यो ६/६ दशक भन्दा माथि मित्रराष्ट्र भारतको कव्जामा थियो त्यसलाइ कमसेकम मित्रराष्ट्रले नोभेम्वर २ मा आफ्ने नक्सामा पनि राख्यो फेरि त्यसमा भर्खरै संघीय सरकारले नेपालको आफ्नो नक्सामा लिम्पियाधुरा, लिपुलेक र कालापानीको झण्डै ४९२ भन्दा बढी बर्ग कि.मि. भुभाग नयाँ नक्शा, नया क्षेत्रफल जोडेको छ । सभामुख महोदय, यसको लागि म सघीय सरकारलाइ धन्यबाद दिन चाहान्छु । हामीले लामो समय देखि आशा गरेका थियौ यही संसदमा पनि नेपाली कांग्रेस संसदीय दलले संकल्प प्रस्तावको रुपमा दर्ज गरेको थियो । माननीय सभामुख महोदय, विगत हिउदे अधिवेशनमा पनि त्यसको बारेमा छलफल हुन सकेन दुखद कुरा हो तत्पश्चात पनि सबैको इच्छा चाहना अनुसार अहिले ढिलै भएपनि संघीय सरकारले नया नक्शा ल्यायो त्यसको लागि म धन्यवाद दिन चाहान्छु । हामी सबैलाइ बधाइ पनि छ यो अर्को सन्दर्भ छ लकडाउनको कुरा झण्डै २ महिना भन्दा बढी समय हामीले लकडाउन बितायौ नेपालका सबै दलहरुले पुर्ण तया सहयोग गरेको बुझियो कुनै पनि राजनितिक कुरा भन्दा सबैले यो लकडाउनलाइ एउटा आफ्नो मन्त्रको रुपमा यो कोभिड-१९ सँग लड्ने । यो कोरोना भाइरससँग लड्ने एकमात्र हातहतियार भन्ने ठानेर सबैले साथ दिएको अवस्था हो । यस कारणले यो लकडाउन जो गरियो यसका लागि पनि यो सरकार प्रति म धन्यबाद दिन चाहान्छु । अब यहही सन्दर्भमा एउटा कुरा के त यो अधिवेशन वास्तवमा सुदूरपश्चिम सरकारले अहिले झण्डै ३ वटा अल्पकालीन देखि लिएर पुर्णकालिन अहिले चलिराखेको छ । ३ वटा आर्थिक बर्षका योजनाहरु बजेटका कार्यक्रमहरु पास गरेर ल्याएको हो र कार्यान्वयन अवस्थामा अब मेरो विचार यही अधिवेशनमा म अनुरोध गर्न चाहान्छु यि ३/३ टा आर्थिक बर्षका जति पनि योजनाहरु ल्यायौ शुरुदेखि हामीले यहा संसदमा जे जति भन्यौ गर्यौं सत्तापक्षले प्रतिपक्षको हिसाबले जेजे भनेपनि आखिर सुदूरपश्चिमेली जनताको पक्षमा जे जति कुराहरु उठेता पनिजति पनि शिक्षा लिनुपर्ने, ग्रहण गर्नुपर्ने सन्दर्भमा प्रदेश सरकार चुकेको वारेमा सर्बविवितै छ । बजेटहरु आउने तर कार्यान्वन बहुतै फितलो समन्वयकारी भुमिका बहुतै फितलो त्यसकारण चाहि यो अवस्थामा आजको दिनमा आउदा बजेटहरुमा अब यो छैटौ अधिवेशनमामा कमसेकम यो बर्षे अधिवेशन भनेको योजना बनाउने, कार्यक्रम बनाउने हो । बजेट स्वीकृत गर्ने अधिवेशन पनि भएको हुनाले कमसेकम यो अवस्थामा समग्र चुनौतिहरु विगतका जति पनि हामीले काम गर्ने शिलशिलामा अनजानमा अथवा हाम्रो दुइतिहाइको छ त्यसको दम्भको आधारले हुनसक्ला यावत कुराहरुले गर्दा जति पनि कमि कमजोरी भए राम्रा पनि केहि भएका होलान त्यसबाट पनि शिक्षा लिएर यो आउदो बजेट तथा कार्याक्रम अहिलेको समग्र चुनौतिहरुलाइ सामना गर्न सक्ने ति शिक्षाहरु चाहि यसमा समावेश गरेर अगाडी बढ्न सक्ला भन्ने पनि विश्वासका साथ त्यो समायानुकुल होला, यो पारदर्शि होला सबै माननीयहरुलाई सम्मान गर्ने हिसाबले अगाडि काम गर्ला, जनताले अपेक्षा गरेअनुसारको यो माहामारीलाई प्राथमिकता दिएर काम गर्ला र त्यो अनुसारको बजेट कार्याक्रम आउला भन्ने शुभकामना

दिन चाहान्छु । यो सरकारलाई यो सन्दर्भममा अगाडि बढोस भन्ने पनि मेरो कामना छ अब यहि सन्दर्भमा एउटा के छ भन्दा खेरि आउदो बर्षमा चाहि ध्यान दिनुपर्ने सन्दर्भमा पुर्बवक्ताले भनिसक्नु भाछ माननीयज्युले पनि विशेस गरि प्राथमिकता दिने हामीले के हो भन्दा खेरि अहिले जसरी यो प्रदेशको झन्डै २८/३० लाख जनता छ त्यस मध्येको झन्डै आधा जनसङ्ख्या त भारत लगाएत अरु देशमा छन प्रवासिको रुपमा यहाँ रोजगारी नहुदा पलायन भएको अवस्था त्यस मध्येको धेरै पुरुषहरु चाहि ९०% भन्दा बढीचाहि भारतमा काम गरिरहनु भएको छ । अहिले कोभिड-१९ को कारण साथसाथै सीमामा भएको विवाद अथवा म त भन्छु भारतले कव्जा गरेको भूमिको कारण यो कुटनितिक सरकारले पहल गर्न नसक्दा यावत कुराहरुले गर्दा आज अर्को यहि चाहि माननीय मुख्यमन्त्रीकै पिए बाट पनि आहवान हुदा सामाजिक सञ्जाल मार्फत अब आयोग खुलिसक्यो तपाईहरु आउनुस हामी सब व्यवस्थापन गर्छौं भन्ने पनि बहुतै संवाद चाहि सामाजिक सञ्जालबाट हुदा पनि घर भएका मान्छेहरु पनि ओहो यै बाबा किन बस्ने भोलि चाहि दाल र भातले के गर्ने भनरे जो आउनै नचाहने हरुको पनि लर्को बनाएर भाडाका भाडा गाडि लिएर यहा पुग्ने स्थिति आयो एकातिर सरकारले संघिए, सरकारले सिमा खोलेको छैन अर्को तिर हाम्रै प्रदेश सरकारको जिम्मेवार व्यक्तित्व बाट आहवान गरिन्छ तर पनि प्रदेश सरकार को मुख्य मन्त्री ज्युलाइ हामीले भन्यौ यो के हो भन्दा खेरि होइन त्यो गल्तिले हो भनेछ र एस्तै हो अव बहुत सरल छ यो सुदूरपश्चिम सरकारले के हेर्यो भन्दै पुग्यो हजारौ मान्छेहरु चाहि अहिले आएर झन्डै झन्डै सरल तरिकाले ल्याको भए मान्छेहरु आउने समयमा आज यो अवस्था हुने थिएन । हरेक दिन चारहजार एउटा नाकामा आइरहेका छन अस्ति त चार हजार झन्डै पुगेको थियो गौरिफन्टामा हिजो २२/२५ सए होला त्यस्तै गड्डाचौकिको त्यहि छ टिकापुर त लुकेर आएको कति छ कति छ त्यसपछि माथितिर छ । यावत कुराहरुको कुरै छोड्दिउ झन्डै दुइ ढाइलाख भन्दा बडी मान्छे हरु भित्रि सकेको छ अज तिन देखी चार या पाँच को हाराहारिमा आउनेक्रम जारि छ त्यसको लागि तम्तयार भएर बसेका छन । माननीय सभामुख महोदय यि सबै कुराहरुलाइ मध्यनजर गरेर यो सरकारले गम्भिरताका साथ आउदो दिनहरुमा यो आउदो आर्थिक बर्ष २०७७/७८ को योजनामा त्यसलाइ केन्द्रित बनाएर योजनाहरु ल्याउन सक्ने क्षमता बढोस भन्ने पनि म शुभकामना दिन चाहान्छु सभामुख महोदय । मैले प्राथमिकताको आधारले अरु भनौला तर माननीय अर्थ मन्त्री पनि यहा हुनुहुन्छ , योजना मन्त्री पनि हुनुहुन्छ उहाले अवस्य पनि अब योजना आयोग त बनाउन छोडिसक्नु भो उहाले आफै योजना मन्त्री हुनुहुन्छ त्यसकारण यि प्राथमिकताका कुरा लक्ष्यका कुरा यावत कुराहरुको सवै जिम्मा उहालाइ नै दिन्छौ तर एउटै कुरा म एसै सन्दर्भमा सम्मानीय सदनलाइ एउटा अनुरोध गर्न चाहान्छु अस्ति भर्खर हामीले माननीय मुख्यमन्त्री ज्युलाइ एउटा संसदिय दलको तर्फबाट हामी एउटा सौहार्दपुर्ण वातावरणबाट वार्ता गर्न कुरा गर्न गाथ्यौ लौ एउटै कुरा थियो नेपाली कांग्रेस संसदिए दल पुर्णतया तपाइको साथमा छ के गर्नु पर्छ ल हामीलाइ भन्नुस तपाइहरुले त कुनै हिसाबले फोन गरेर सहमति गर्ने समन्बए गर्ने काम त गर्नु भएन हामी त बारम्बार हामी जिम्मेवार भएको हुनाले हामी उल्टै सोद्छौ हामी त अब प्रतिपक्ष भयौ तपाइहरु राम्रो राम्रो काम आफै गरिरहनु भाछ होला तर जनतामा एहि किसिमको प्रतिभृति छैन यो

सरकार छ कि छैन कुन कुनामा छ भन्ने जनमानस हरेक कुना कुना मा, हरेक व्यक्ति व्यक्तिमा छ त्यसैले भन्यो आज माननीय मुख्यमन्त्री जि यो प्रश्न जनताबाट उठेको प्रश्न यो हरेक सर्बसाधारणाबाट उठेको प्रश्न केवल तपाइमा मात्र लक्षित होइन त्यो प्रश्न हामी माथि पनि लक्षित भै रहेको छ । अब यो संघीयताको सन्दर्भमा प्रदेशको आवश्यकता छ कि छैन । तिन तिन योजना आइसक्दा पनि जनतालाइ अनुभुति हुने खालको काम देखाउन सकिदैन एउटा स्थानिय सरकारले गरेको काम भन्दा पनि बढी गर्न सकिदैन भने एत्रो खर्च धान्नु पर्ने जनताले किन बहुतै ठुलो प्रश्न जनताले गर्दा भन्यौ माननीय मुख्यमन्त्री ज्यु तपाइ यो टिम मात्र होइन हामी प्रतिपक्षाका राजपा किन नहोस हामी लाइ समेत लक्षित छ ल भन्नुस के हामीले सहयोग गर्नुपरो तर हामीलाइ के छ हामी बहुदलको हाम्रो दुइतिहाइको हरेक तहबाट अहिलेको महामारिलाइ चाहिने सहयोग हामीले आफै गरेका छौ टोल वडा वडा मात्रै होइन आफ्नो तवरबाट सहयोग जुटाका छौ राहत देखि हरेक कुरामा त्यसकारण अरु के गर्नु पर्छ ल भन्नुस भन्या थियौ यो कुराहरु गम्भिर तरिकाबाट उठायौ तर जुन हिसाबले उहाले लिनुभो तर त्यो गम्भिर छ त्यसकारणले यो गरिमामय सदनमा म अनुरोध गर्न चाहान्छु, सभामुख महोदय । अलि हाम्रो माननीय मुख्यमन्त्री जि अज गम्भिर हुनै पर्छ कि जस्तो लाग्छ आजको शुभकामना दिनमा मैले त केवल दुइ शव्दका शुभकामना दिने अनि पछि जाने भन्ने हिसाब हो किन भने अहिले त्यो महामारिका बेला धेरै गन्थनमन्थनको जरुरत छैन तत्पश्चात पनि हामीले जिम्मेवारिका साथ आउदा दिनहरु उत्पादनशील हुन आउदा दिनहरुमा हरेक दिन हरेक मिनेट चाहि अहिले जनताको पक्षमा होस अहिले कोभिड १९ को कारणले समस्यामा भएका प्रवासिहरु जो बोर्डरमा छन जस्तो सामाजिक दुरिको बारेमा कुरा गर्छौं उतातिर हामी सेनिटाइजरको कुरा गर्छौं यावत तपाइ हेर्नुस म हिजो भर्खर टिकापुरबाट आए चार डम्फर गाडिमा झन्डै ३०० जति मान्छेहरु टिकापुर पुगे हिजो राति २ बजे डम्फरमा अब कसरि गए होलान ल भन्नुस के सामाजिक दुरि अब भन्नुस यो सरकार कहा छ स्थानिए सरकारलाइ जे छ त्यहीले गर भन्नेमात्र हो कि अज उनलाइ पैसा दिए मात्र हुने हो कि अथवा के हो सरकारको आफ्नो हामीले भन्या त्यो दुइ महिना अगाडि जब उहानबाट नेपालीहरुलाइ ल्याइयो प्लेन चढाएर एक एउटा विभेदपुर्ण व्यवहार होइन नेपाली नागरिकलाइ नेपाली बिध्यार्थिलाइ हामी ले भन्या थियौ भोलि परिस्थिति बन्न सक्छ भोलि अरब बाट ल्याउनुपर्ला, भोलि जर्मनबाट ल्याउनुपर्ला, मलेसियाबाट ल्याउनुपर्ला, भारतबाट ल्याउनुपर्ला त ल्याउछौ नि भन्नेकुरा थियो आज आफै एहा आउदाखेरि पनि हामी उनिहरुलाइ गैर नेपाली भन्ने हिसासबको हामीले लेभल लगाएका छौ अज उहाहरुलाइ बोराको रुपमा गाडामा जो पठएका छौ गाउ गाउमा आज त्यहाको रोग पुरा गाउभरि छाएको छ पेश गरेका छौ भनेका छौ कति त्यसको समाजकल्याण मन्त्री जि एहा विहान देखी बेलकासम्म खटिनुभाछ म सुनिराहुन्छ एति हजार २००० को माग गरेको छु भन्नुहुन्छ कति जना दिनको यहा एउटा गड्डाचौकिमा कति आउछन उहालाई थाहा हुनुपर्ने हो त्यसकारण माग गर्ने बेला होइन अब खुलेआम कन्फम गरेर किन्नुपर्छ सहयोग त्यसै आएको होइन आफ्नो पनि क्षमता देखाउ त्यो पैसाको सदुपयोग गर भनेको म तपाइहरुलाइ हिसाब पनि दिन चाहान्छु यहा अहिलेसम्मको अवस्थामा म माननीय सभामुख महोदय मार्फत एउटा हिसाब पनि दिन चाहान्छु यो

जरुर केको लागि भन्दा खेरि यो प्रदेश सभाभित्र एति गरिमामय सभामुख ज्यु लगाएत एहा माननीय मन्त्रीज्यु हरु हुनुहुन्छ आब २०७६/०७७ को अवस्थाको अवस्थामा माननीय अर्थमन्त्री यहा हुनुहन्छ उहाले पछि भन्नुहोला तत्पश्चाताप पनि आकडाहरु अहिले सम्म करिब कोही चालुको हिसाबले बैशाख मसान्तसम्म २८.४८ प्रतिशत खर्च भाछ पुजिगत रुपमा २२.२२ भाछ जम्मा २४.५३ प्रतिशत खर्च भएको छ बैशाखमसान्त सम्म तर जेठको १२ गते सम्म हिजो सम्म ३२ एभेरेजमा हाम्रो २७.५६ प्रतिशत भएको छ जसले गर्दा बचेको अहिलेको जेठ १२ गते सम्म आउटस्ट्यान्डिङ हाम्रो २० अरब ३९ करोड ९९ लाख ३५ हजार ६२८ रुपिया झन्डै ७२.७४ प्रतिशत आउटस्ट्यान्डिङ पैसा छ अब यो पैसामा मैले एसो हेरे हरेक दिनमा बैशाख मसान्त देखि यो मार्गसम्म कति खर्च गरे त किनभने माननीयहरु तदरकताका साथ मन्त्रीमन्त्री मा गएका थिए छिटो काम गर्नुपर्यो भन्या थिए भयो होला धेरै दिनको १२ दिनको खर्च भनेको उहाहरुले जम्मै जनाले झण्डै ७ करोड ११ लाख ४ हजार ८६३ रुपिया यो १२ दिनमा खर्च गर्नुभाछ यै हिसाबले मैले भने अब ४९ दिन छन ४९ दिनमा कति होला त भन्दा खेरि डबल ३ अरब ४८ करोड ४१ लाख ३८ हजार ३१९रुपिया एहि हिसाबले खर्च हुन्छ त्यसपछि मेलै भने यो त होइन अरु नि जोड्नुपरो एताउता डबल त्यहा राख्दियो हो त्यो को डबल गर्दा खेरि ६ अरब ९६ करोड ८२ लाख ७६ हजार ६३९ रुपिया हामीसँग खर्च हुन्छ त्यपछिको बाकि हुन्छ फरि बाकि हुन्छ त्यो डबल गरेर पनि  १३ अरब ४३ करोड रुपिया बाकि रहन्छ यो बारेमा प्रस्टता म विसेसग्य त होइन एसको अर्थ मैले भन्न खोजेको के हो भने एसबाट चाहि माननीय मन्त्री परिष्दको बैठकले २/४ अरब रुपिया यो कोरोनाको लागि ४० करोड छुट्यायो भन्ने होला कि ३ करोड छुट्यायो भन्ने होला आज किटको कति आवस्यकता छ । कति पिसिआर को आवश्यकता छ कति चाहिन्छ बारेमा अहिलेसम्म हामी यत्रो दिन हुदा खेरि कोरोनाले त हामीलाइ मौका दिएकै हो अरु ठाउमा त्रयामान स्थिति थियो एहा हामी हासेका थियौ त्यो हासेको बेला लकडाउन पनि थियो लकडाउन भित्र सरकार पनि सुत्ने होइन नि त्यस कारण यो गम्भिर प्रश्नहरु आएका छन । माननीय सभामुख ज्यु यही सन्दर्मा अर्को म एहा अन्तमा जोड्न चाहान्छु अब माननीय सभामुख महोदय, एउटा कुरा के छ भन्दा खेरी अहिलेको कोरोनाभाइरसको त हामीले यो गर्न सकेनौ त्यो गर्न सकेनौ भने होला यो भन्दा पनि अहिले गर्नुपर्नि के त भन्दाखेरि कमसेकम ति स्वास्थकर्मिहरु, सुरक्षाकर्मिहरु, ति ड्राइभरहरु, ति कर्मचारीहरु जुन यावत विशेसगरी हामीले सम्मान गर्नै पर्छ हरेक ठाउमा उहाहरुले वास्तवमा हामीलाइ हेरेको हो । त्यस सन्दर्भमा हाम्रो पनि नेपाली कांग्रेस संसदीय दलको तर्फबाट उहाहरुलाइ विशेस गरि सम्मान गर्न चाहान्छु । राम्रो गर्नेहरुलाइ यो २ महिनासम्म अनोबलत रुपमा कसैले पनि जनताहरुले साथ दिएको छ उहाहरुलाइ पनि धन्याबाद दिनै पर्छ एस अवस्थामा आफु सहि नभइकिन ति तमाम रुपले चाहि मैले देखेको छु वडा वडामा सहयोग उठेको छ राहत सामाग्रि उठेको छ सरकारको बाहेक किनभने यो महामारिमा केवल सरकारले मात्रै हैन जनताले पनि दिनुपर्ने हुन्छ, सहयोग गर्नुपर्ने हुन्छ । त्सलाइ सोसल कन्ट्रिवुसन भन्छ । तर एउटै कुरा के छ भने जुन सरकारले गर्नु पर्ने कामहरुमा के देखिन्छ भन्दा खेरी जानुस जा जा जानुस अहिले चाएमा मसला छ माननीयहरुलाइ सत्तापक्षलाइ त्यो

थाहा छैन प्रतिपक्षलाइ पनि थाहा छैन तर सबै हिम्मतवाला हाम्रा माननीय मन्त्रीजी हरुनै हुनुहुन्छ उहालाइ थाहा छ तर कहा थाहा छ, के थाहा छ उहाहरुलाइ पनि भित्र भित्र थाहा छैन अनविज्ञ हुनुहुन्छ जस्तो लाग्छ मलाइ गर्दा खेरी सबै गर्या छु भन्नुहुन्ढ तर काम केहि देखिएको छैन जनताहरु निराश अवस्थामा छ यो निराशताले भोलि गएर एहि जो प्रवासिहरुको सहि व्यवस्थापन नगर्यो भने किनभने कुनै पनि कुरा लिएर होइन व्यवस्थित गर्नुपर्छ । त्यो व्यवस्थित गर्नलाइ प्रक्रियाहरु छ त्यो प्रक्रियाहरु अपनायर सरकारले अगाडि बढ्ने हो सरकार भनेको अभिभावक हो हामी बारम्वार भनेका छौ अरुलाइ त हामी भन्दै नौ नि त्यसकारण चाहि अभिभावकले सबैले समन्वय गरेर अगाडी बढ्ने हो उचित समयमा काम गर्ने हो । जस्तो स्वास्थ्य सामाग्रीको हकमा कसरि किन्ने र गर्ने भन्ने सरकारले उपयुक्त निर्णए लिनुपर्ने हुन्छ । त्यसतै गरेर सिहबाट सोजै पालिकामा पठाउने प्रक्रियाहरु बनेको छ यो ट्रकमा हालेर त्यो इमिडेट बन्द गर्नुपर्छ होइन भने तपाइहरु पनि अपराधि हो सरकार पनि अपराधि हो । कि जनतालाइ जुन राख्नकालागि प्राणदारिको नाममा ट्रकमा लादेर पठाउने होइन एकातिर हामीले आउनुहोस सब व्यबस्थापन गर्छु भन्ने, सरकारकै मान्छेहरुले अनि जिम्मेवारि पनि नलिने यो प्रक्रितिका हो यो ठुलो अन्याय भैराखेको छ यो सन्दर्भमा गम्भिर हुन जरुरि छ त्यसैले अहिलेको अवस्थामा गम्भिर अवस्थामा हामी गुज्रेरहेका छौ त्यसैले क्वारेन्टाईनको सङ्ख्या एथासिघ्र बढाउने कामहरु गर्नुपर्यो त्यसपछी फुट टेस्टिङ आइसोलेसन र ट्रिटमेन्टको कुराहरुमा अलि व्यापक गर्नुपर्यो एसमा फेरि ट्रिटमेन्ट धेरै ठुलो समस्या छैन केवल प्रोभाइभल राम्रो बनाउनु भो । हामीले भन्यौ यो प्रदेशि अवस्थालाइ तपाइले कमसेकम एउटा यो विसौ किसिमको रोगिहरु निको हुने ठाउमा एकैचोटि कोरोना भनेर निर्णए नगरौ सजिलो देखेर मेडिकल कलेज त्यति खुलारुपमा खुल्या थियो कमसेकम एक डेढ करोड खर्च गर्या भए फालाफाल ४००/५०० मान्छे अट्थे त्यहा आइसोलेसनको लागि अब गरिएन एति नजिकको पनि गरिएन त्यत्रो बाटो छदै थियो त्यसकारण केहि सल्लाह दिएपछि सुन्नुहोस त्यो प्रतिपक्ष नभन्नुस सत्तापक्ष नभन्नुस तपाइहरु भनेको इतिहासकोर्ने व्यक्तित्व जिम्मा पाएको व्यक्ति हुनुहुन्छ एले गर्दा धेरै त्रुटि भाछ अज पनि त्यलाइ भर्खर सुरुवात भएको छ यो महामारिको सबै कुरा अस्ति एस्तै निको हुनासाथ हामी त अब कोरोना फ्रि भयो भनेर उफ्रिने चाहि विध्यार्थिले हो तपाइ जस्तो जिम्मेवार मन्त्रीहरुले उफ्रिने होइन त्यसैले एउटा कुरा एस सन्दर्भममा अर्को सिमा सन्दर्भमा पनि अलिकति हामीले भन्नै पर्छ माननीय सभामुख महोदय सिमा वास्तवमा यो क्षेत्रफल निकै ठुलो बढेको छ वास्तवमा हामी सुदूरपश्चिम बासि आफ्नो भुमि हो यो समग्र नेपालीको भुमि पनि हो यो अब यो जसरि यो सङ्कल्प साथ सन्दर्भमा यो अधिवेशनमा म त भन्छु नेपाली कांग्रेस संसदिए दलले ल्याएपनि एसमा सत्तापक्षले पनि पुर्णतया साथ दिनुपर्छ केवल मेरो संख्या बढी छ मेरो सिट बढी छ भनेर नबस्नुस आखिर त्यो उठायो आखिर त्यो बाध्य भएर सङ्घले त नक्सै निकाल्नु परो नि त अज पनि तपाइहरुले हामीलाइ अगाडि पछाडि नभनेर एकजुट भएर हामी लागौ यो सङ्कल्प प्रस्तावमा छिटोमा छिटो बिशेस गरि एउटा वल्डनै राख्नपर्छ हामीले के भन्दाखेरि लिम्पियाधुरा र लिपुलेक र कालापानि सिमाना विवाद होइन अब कव्जा गरेको भुमि त्यो फिर्ता लिनुपर्छ हामीले कव्जा हुने प्रष्टरुपले हामी पास गर्नुपर्छ त्यमा छलफल गर्नै पर्छ सिमा बिवाद भने

त कञ्चनपुरमा सिमा बिवादछ कैलालीमा सिमा बिवाद छ यावत बिवादहरुको बारेमा झर्नुपर्छ त्यो पनि समग्र रुपमा जहा भुमि नै कव्जा गरेर लिएको ठाउलाइ हामीले यो कब्जा गरेको भुमि हो एसलाइ छोड्नुहुन्न भनेर हामीले संघिएलाइ पठाउनुपर्ने हुन्छ अर्को प्रदेश सरकारको सिमा का सन्दर्भमा उठान गर्नपर्दा मैले भने समग्र रुपमा जति हाम्रो सिमाहरु छन हाम्रो वरिपरिका ति सिमाहरु लाइ गर्नुपर्छ र अर्को महत्वपुर्ण प्रदेश सरकारले गर्नै पर्ने कुरा के छ भने सिमाहरु नियन्त्रण गर्नुपर्ने कैलाली कञ्चनपुर को जोजो मुलमुल सिमा छ जस्तो गौरिफन्टा, जस्तो भजनि होला उता खड्पुला होला एता गड्डाचौकि होला एता अर्को होला एस्ता बाहेक अर्को ठाउमा हामीले कसरि हुन्छ सिललै ग्रनुपर्ने हुन्छ कै त गरौ एउटा वडाध्यक्ष नै सिमामा तार लाउन हुने तपाइहरुले नलाउन हुने संघलाइ एउटा चिठि दिने र चिठि लिएको ओहोरो दोहोरो गर्ने कुरा मात्र हो त्समा एकदमै ध्यानदिनुपर्छ र अन्तमा म अगाडी बढ्ने कुरामा म भन्न चाहान्छु सब भन्दा ठुलो अहिले कुनै नया कुरा छैन व्यवस्थापन विधि बनाउनलाइ पाँचओटा केशहरु मात्रै एडप गरेहुन्छ म त्यसमा व्याख्या गर्न चाहादिन अगाडि बढ्ने भनेको कमसेकम हाम्राचाहि एत्रो समस्या भयो अब कसरि जाने त गालिमात्र गरेर हुने हो कि सरकारले कामै गरेन भनेर सुतेर बस्ने हो कि अब होइन जाग्ने हो सबै हरेकले जाग्ने हो समन्वयकारी भुमिकामा सरकार बस्ने हो। हामीले गर्ने ठाउमा गर्ने हो त्यसको लागि हामीले के भन्दा खेरि कमसेकम सिष्टम किलिएर्लि डिभाइन गर्नुस पहिला एक हप्ता बस्नुस राम्रो सँग पाँच दिन बस्नुस त्यसपक्षि कतिको स्टाफिङ छ के छ त्यलाइ किलिएर गर्नुस । अबको सबभन्दा ठुलो भनेको महामारिपछिको भोकमरी हो एत्रो मुखहरु आका छन खाद्यान्न खाने नेपाली दाजुभाइहरु त्यो तपाइ अहिले यो साधारण तरिकाले यो खाद्यान्न पुग्ला भन्नि नठान्नुस अब यो भोकमरि आउछ एले अर्को ठुलो ल्याउदै छ अहिले नै टाइम केएरको सप्लाइको व्यवस्था कसरि गर्ने स्पिडोहरु कसरि गर्ने शोसण सपोट कोको, जो दिनसक्नेहरुले पनि अनुरोध गर्नुपर्यो मुख्यमन्त्री ज्यु ले र माननीय मन्त्री जि हरुले कमसेकम शोसण सपोट र अर्को एउटा चाहि मनोबिज्ञान धेरै मान्छेहरुमा चाहि मनोरोगिहरु छन कोरोना रोगिहरु होइन नर्मल रोगिहरु घरमा बस्दा बस्दा खाद्यान्न पुग्दैन छोराछोरिलाइ गारो छ अर्कोलाइ गारो छ गरिबि को अवस्था छ। यो अवस्था छ बाजुराको माननीय मन्त्री ज्यु एहि हुनुहुन्छ चौसठ्ठि प्रतिशत उर्जा गरिबिको रेखा मुनि छन उनको हालत के होला बिहान बेलका छाक टर्ने स्थितिछैन । मन्त्री जि ले गरेर के हुने हो एहा त्यसकारण त्यस्ता नेपाली हुन सुदूरपश्चिम बासि हुन कैलालीमा २ लाख ५४ हजार मान्छेहरुको दिनमा काम गरेन भने बेलुका चुलो जल्दैन । यो प्रष्ट हुनै पर्छ प्रदेश सरकारले इमिडेट्ले हरेक पालिकासँग कति प्रवासिहरु छन कति आउदै छन त्यो डेटा तपाइ एक हप्ताभित्र लिइ व्यवस्था गर्नु भो भने प्रदेश सरकारले सहयोग गर्न तयार छ तर लिनु भएन केवल अरे आउदै छन एस्तो आउने तालले त झन ठुलो हुनसक्छ त्यसैले अल्पकालिन र दिर्घकालिन रुपमा म माननीय हाम्रो कृषि मन्त्री लगायत हुनुहुन्छ एउटै कुरा के छ भने उन्नत जातको बिउहरुको सन्दर्भमा बिगतको धानको बुर्लि जातको कारण आज त्रयानाम अवस्थामा छ त्यसलाइ हामीले क्षतिपुर्ति पनि दिएको छैन त्यसलाइ सरकारले पनि हेर्नै पर्छ । मलको, बिउको आदिले गर्दा अहिले खेती योग्य जमिन हो एसकारण बढी भन्दा बढि त्यै कृषिबाट आउने वाला छ। त्यै बाजो

जमिनबाट आउने वाला छ, त्यै नदी नालाहरु जहा छ ति ठुला ठुला फाटहरु आज तपाइ हाम्रो गल्तिको कारणले प्राए जंगल मरुभुमिजस्तो भएका छन तिनलाइ प्रयोग गर्नुपर्ने छ बाजो जमिनहरुलाई त्यसकारणा त्यसलाई सरकारिमा कस्ले लिजमा लिने खाद्यान्न रोजगारी कसरि बनाउने राहत कार्यक्रम कसरि गर्ने र अस्पताल बनाउनेमा पनि राहत योले चाहि रोजगारी सृजना गराउछ ।केहि कहि महत्वपुर्ण बाटो बनाउदाखेरि पनि राहत हुन्छ तर हाम्रो तार्गेट चाहि महामारी र हाम्रो तार्गेट स्रम हो बिदेश बाट आएका छन जो अलि सिप भएका छन तिनिहरु हार्ड काम गर्नेवाला पनि हुन तिनलाइ सदुपयोग गर्न सक्यो भने एकातिर मौकाको रुपमा छ । हाम्रो त्यसकारण योजना मन्त्री जि ले त्यलाई मौकाको रुपमा लिएर तिनमा केन्द्रित योजना बनाउन सक्यो भने उन्नति हुन्छ जस्तो लाग्छ र अन्तमा एउटा कुरा के छ भन्दा खेरि स्वास्थ्यमा अहिले जुन ११ प्रतिशत छ १७ हो कि ११ प्रतिशत कृषिमा उहाको ११ जस्तो लाग्छ स्वास्थ्यमा चाहि अलिकति बढाउनुपर्छ। कृषिमा अलि बढाउनु पर्छ अब डल्लो बजेटको सन्दर्भमा माननीय मन्त्री ज्यु यो डल्लो ले के हुन्छ, सबै हामीलाइ डुबाए तपाइहरुले त्यो डल्लोमात जे पनि गरुला प्रतिपक्षलाइ उधारो घ्यु खुवाई दिनेभयो तर आफ्नै माननीयहरु लाइ पनि उधारोमै सिद्याइदियो त्यो डल्लो बजेट गर्दा खेरि को अहिले जेठ होइन असारको २९ गतेसम्म तपाइ त्यो बाड्न सक्नुहुन्न एस्ता काममा नलाग्नुस जे सकिन्छ त्यो ल्याउनुस प्रस्ट ल्याउनुस हामीलाइ योजना चाहिएको होइन जनतालाई प्रत्यक्ष प्रभाव पर्ने खालका योजनाहरु ल्याउनुस सबै माननीयहरुलाइ सहभागि बनाउनुस र जनताले देखिने अनुभुति खालका योजनाहरु बनाउनुस। त्यसकारण यो असारे प्रविधि हटाउनुस र अर्को महत्वपुर्णण पाटो हो भ्रष्टाचार, भ्रष्टाचारको सन्दर्भमा सङ्कल्पका साथ अबको अधिवेशनले ल्याउनुपर्छ माननीय किन नहोस पुर्णतया कटिबद रहेर भ्रष्टाचार गर्दिन म साच्चिकै शुन्य सहनशिलता प्रधानमन्त्री केपि शर्मा वलिले भन्नु भो शुन्य सहनसिलता भन्नु भाछ तर चारैतिर भ्रष्टाचारै भ्रष्टाचार त्यो होइन कि रिएलमा भ्रष्टाचार शुन्य गर्नलाइ लाग्नुपर्छ एदि कसैले गर्या छ भने त्यो कर्मचारी किन नहोस, मन्त्री किन नहोस, माननीय किन नहोस त्यल्लाइ माननीय सभामुख महोदय एस पालिको अधिवेशन पश्चात तिनिहरुको अनुगमन र ति अनुसार कार्यान्वन गरिएन भने हामी कतै पनि छोड्नेवाला ५छैन। हामीलाइ कुनै पनि बजेट चाहिएको छैन त्यसैले यो अव्यवस्थित बसोबासले गर्दा पनि त्रयानम अवस्था छ अन्तमा अब यो शान्तिसुरक्षाको सन्दर्भमा निर्मला पन्त मात्रै होइन ति स्वर्गिए बालिका अहिले आएर कृष्ण भुसाल हाम्रो दिर्घ सोडारि जि को गाउमा पनि एक जना मृत्यु भैसक्या छ । त्यहा बाटोमा फाल्दिएको थियो त्यसतै तमाम बलत्कारि का घटनाहरु दिनानुदिन बढ्दै गइरहेको छ । मुल्य बृदि त्यसतै छ । करहरुको त्यस्तै छ मलाइ लाग्छ यो अवस्थामा सम्पुर्ण सबै एकजुट भएर हामीले अगाडि बढ्नुपर्छ र सत्तापक्षमा प्रतिपक्षमा समानुपातिक प्रत्यक्ष भनेर नभेरर सबैले हातेमालो हुनेगरि एकले अर्कोलाइ सम्मान हुनेगरि अगाडि बढ्न म अनुरोध गर्न चाहान्छु । समग्र रुपमा जो जाजरकोटमा भएको घटना छ रुकुम लगाएत त्यसमा भएको घटना दुखदायी छ एस्तो घटना नदोहोरियोस त्यसमा मेरो खेदजनक नेपाली कांग्रेस संसदिए दल खेद प्रकट गर्न चाहान्छ समग्ररुपमा आजको यो अधिवेशन को सफलताको कामना

गर्दछु आउदा दिनहरु साच्चिकै प्रगतिशिल, उत्पादनशिल साच्चिकै गतिशिल हुन र हामी जिम्मेवार भएर अगाडि बढौ एति भन्दै बिदा हुन्छु धन्यबाद

**माननीय मालामति कुमारी राना :-**

माननीय सभामुख महोदय आज हामी छैटौं अधिवेशनको अनुभुति एक महिना सातौ दिनमा बर्षे छैटौ अधिवेशनको पहिलो दिनमा उपस्थित भएका छौ । म आफ्नो व्यक्तिगत तर्फबाट र आफ्नो पार्टिको तर्फबाट छैटौ अधिवेशनको सफलतको शुभकामना दिन चाहान्छु । सभामुख महोदय कोरोनाभाइरस कोभिड १९ महामारिका बिचमा हामी अधिवेशनमा छौ एस महामारिबाट राष्ट्र निमितको कोषका लागि पनि यो अधवेशनले महत्वपुर्ण अर्थ राख्ने छ । सभामुख महोदय महामरि कोरोना भाइरसका बिरुद राजनैतिक पार्टि सङ्घ संस्था, व्यापारि, शिक्षक, बुदिजिवि आम जनता एकजुट भएका छौ अहिलेको समएमा लकडाउनको पालना गरेर हामी सबै बसिरहेको अवस्था छ । सभामुख महोदय अहिले सम्म औसत राष्ट्र बाचेको देखिन्छ तर एतिकैमा ढुक्क हुने अवस्था छैन । रोजगारको सिलसिलामा भारत प्रवासि भइ घर फर्कने क्रम तिब्र रुपले गौरिफन्टा ,बनबासा, झुलाघआट नाकाबाट भित्रिरहेका छन ति हाम्रा जनता भारतको गन्तव्य क्वारेन्टाईन बसाइको पिडाजति बेवास्ता गरे पनि कम छैन यो अवस्थामा हामी चुप लागेर बसिरह्यौ भने महामारिको रुप लिन बेर लाग्दैन एतातिर सरकार सचेत हुने कि नहुने सचेत हुन जरुरि छ अहिले सम्म सरकारले ठोस योजना ल्याएको छैन। संघ र प्रदेशको ४० करोड रुपैया कोरोनाभाइरस नियन्त्रणका लागि छुट्याएको रकमको कुनै लेखाजोखा छैन काहाकहा खर्च भयो यो गरिमामय सदनलाइ जानकारि गराइयोस र दार्चुला देखि कैलाली को खऱ्रौला सम्म नेपाल भएर सिमामा घुसपैठ रोक्नाको लागि खटिएका सुरक्षाकर्मि हरुको पनि अवस्था उस्तै छ घुसपैठ रोक्नकालागि अपुग का भरमा रातदिन राष्ट्रको सेवा गरिरहेका छन सुरक्षा कर्मि केहि अपवाद बाहेक सिसि क्यामेरा बाइनाकुलर नाइकरिजन टार्च दिएर घुसपैठलाइ नियन्त्रण गर्न सकिन्न अव्यवस्थित व्यवस्थाका कारणले यि सुरक्षाकर्मि माथि पनि खतराको सुइ घमिरहेको देखि रहेको छ। सभामुख महोदय ति सुरक्षा कर्मिका पनि घरबार बालबच्चाहरुछन यो यो पुरणए कुमेन्ट दिएर हौसला बढाउनुपर्छ हिरासत दिएर धकेल्नुहुदैन प्रदेश सरकार भन्दा स्थानिए तह काम गरेको देखिन्छ वडाका जनता एस बिषएमा सचेत छन गरिब रेखामुनि रहेका दैनिक ज्याला मजदुरि गरि चुला चौका जोह गर्नेको पहिचान गरि राहतको काम अगाडि बढाउन आवश्यक छ । एतातिर पनि सरकारको ध्यान गएको छैन पहिचान भएको जनतामा राहत बितरण एक पटकका लागि बितरण गरिएको हो परिणाममुखी हुदैन सभामुख महोदय । राहत बितरण गर्दा महिना पुग्नेगरि एक परिवारमा महिनै पिच्छे बितरण गर्दा भोकमरिबाट बचाउन सकिन्छ भन्ने मेरो सुझाब छ । माननीय सभामुख महोदय लिम्पियाधुरा, लिपुलेक र कालापानि बिषयमा ब्रिटिस कांग्रेस सरकारसँग भएको सन १९५० को सन्धिका दस्तावेजमा स्पस्ट लिपियाधुरा, लिपुलेक र कालापानी नेपालकै भू-भाग देखीन्छ ति प्रमाणहरु नेपाल सरकार, ब्रिटिस सरकारमा सुरक्षित छ । नेपाल सरकारले २०१८ साल सम्म जनगणना गाउ पञ्चायत कर अन्य कर आदि इत्यादि तत्कालिन सरकारले काम गरेको देखिन्छ तत्कालिन देखि अहिलेका शासन सम्म चुप लागेर किन बसे सन्धि

सम्झौता अनुसार लिम्पियाधुरा, लिपुलेक र कालापानि नेपालको हो भनि किन नक्सा प्रकासित गरिएन नक्सा प्रकासित गर्नामा किन ढिलाइ गरियो यो सरकारले किन भारतलाइ दादागिरि गर्न देखाइयो एसको पछाडि एउटै कारण छ सभामुख महोदय । सत्तामा पुग्न सत्ता बचाउन आफ्नो दुनो सोज्याउनु बाहेक केहि बोलेनन् यिनै सरकारहरु सत्तामा बसेको बेला एउटा कुरा बोल्ने सत्ता बाहिर हुदा अर्को कुरा गर्ने चोर चोर मंसिरे धाइ उखान झै देखिएको छ। माननीय सभामुख महोदय महाकाली सन्धिका बेला शेर बहादुर देउवा प्रधानमन्त्री, माधवकुमार नेपाल प्रमुख प्रतिपक्ष नेता, केपि शर्मा वलि सन्धि अध्यएन कार्यदल संयोजक, पशुपति शमसेर जबरा जल तथा स्रोत मन्त्रि, डा. प्रकाशचन्द्र लोहनि परराष्ट्र मन्त्री र रामचन्द्र पौडेल सभामुख माननीय सभामुख महोदय तर केपि शर्मा वलीको दस्तावेज प्रतिवेदनमा लिम्पियाधुरा, लिपुलेक र कालापानि नेपालको हो रे थाहा भइयो । हाम्रो देशको भुभाग हो भनेर ठोकुवा बोल्न नसकेको देखीन्छ नेपालको राष्ट्रिएता बिर्सेर महाकाली नदि आधा आधा हो भनेर आत्मा घाति सम्झौता गरेका हुन यि नेताहरुले बुज्नुपर्ने कुरा के छ भने महाकाली नदिको उद्गम स्थल लिम्पियाधुरा नै हो जब लिम्पियाधुरा हाम्रै हो भने लिपुलेक र कालापानि पनि हाम्रै हो यि शासकहरु देशका जनतालाइ एतिका बर्षसम्म गुमराहमा राखी यिनै हुन राष्ट्रघाति जनताले देश ठग्नेलाइ कानुनको कट्घेरा मा ल्याउनुपर्छ । सभामुख महोदय, यो अधिवेशन एउटा शुभकामनाको अधिवेशन थियो तर भन्नै मन लाग्यो बजेटको कुरा पछि आउदै गर्ने थियो तर बजेटको कुरा उठिसकेपछि म सरकारलाइ के भन्न चाहान्छु २०७६/०७७ को बजेट त्यो बजेट कहा लागु भयो काहा खर्च भयो कुनै अहिलेसम्म थाहा भएको छैन निर्वाचित सांसदहरुलाइ माननीयहरुलाइ ३ करोड बजेट बितरण गरिएको छ त्यो ३ करोड बजेटको मैले सुन्नमा आएको छ । जेठ २ गते अख्तियारि दिएको छ त्यो चाहि अख्तियारिले गर्दा अब एक महिनासम्म पनि छेन यो लगभग एक महिना काम गर्ने छ एक महिनामा के ३ करोड बजेट हामीले सदुपयोग गर्न सक्छौ किन यो सरकारको कमजोरि किन सरकारले यो समएमा अख्तियारि दिन सक्दैन अख्तियारि दिन सक्दैन भने मलाइ लाग्छ यो सरकारले यो बजेट पनि काम नहोस, यो बजेट पनि हाम्रै खल्तिमा आहोस, हामी खाउ, हामी लाउ भनेर यो चाहि जेठ २ गते अख्तियारि दिएको छ सभामुख महोदय। त्यसकारण फ्रिज भको बजेट आफ्ना नातागोता आफ्ना कार्याकर्ता बितरण गर्नाका लागि जेठ २ गते अख्तियारि दिएको मलाइ लागेको छ र अहिलेको बजेटको कुरा सुन्दाखेरि हामीले बजेट माग्दा खेरि बजेटको कुरा गर्दाखेरि ५३ जना सांसदलाइ सम्मान जनक ५३ जना सांसदलाइ बजेट दिनुपर्छ भन्दा खेरि प्रतिपक्षले अबरुद गरे र हाम्रा चाहि नाम तपाइहरुले टिकाटिप्पणि गर्नुभो र कम्मल ओडेर जिउ पनि खायो भनेर कुरा आयो तर त्यो बजेट कहा गयो त्यसको लेखाजोखा यो सदनमा हुन जरुरि छ । त्यसकारण चाहि अहिलेको बजेट जुन ०७७/०७८ को बजेट जब यो सरकारले खर्च गर्न सक्दैन सांसद हरुको गरिमा उहाहरुलाइ जानकारि छैन। गरिमा उहालाइ कसरि सम्मान गर्नुपर्छ भन्ने उहाहरु लाइ जानकारि छैन भने यो ०७७/०७८ को बजेट कुनै सांसदलाइ चाहिएन एदि आउछ भने रेडबुकमा बजेट आउनुपर्यो र जुन ३ करोड बजेट दिन यो प्रदेश सभएको यो निर्णए छ निर्वाचित सांसदहरुलाइ त्यो पनि खारिज गरियोस म ३ करोड बजेटको खारिजको माग गर्न

चहान्छु र म त्यो ३ करोड बजेट कोरोनाभाइरस महामारिको नियन्त्रण को लागि प्रयोग गरियोस मेरो माग पनि छ। यो प्रदेश सरकारसँग र तपाइको कृषिको सम्बन्धमा म केहि कुरा भन्न चाहान्छु कृषिमा अहिले बरिखाको समएयसबैले ब्याड राखीसके तर यो उन्नत बिउ पाएका छैनन् पुराना बिउहरु उनिहरुले भखारिबाट निकालेर उनिहरु बिउ राखेका छन उन्नत बिउ पनि पाएका छैनन् र मल पनि पाएका छैनन् यो बरिखा ब्याड लगाइसकेपछि यो सरकारले मल बितरण गर्ने हो कि बिउ बितरण गर्ने हो कि हामीले बारम्बार पटक पटक यो सरकारलाइ सचेत गराउदै आएका छौ खेति गर्नुभन्दा अगाडि तपाइले मल बिउ तपाइहरुले बितरण गर्नुस तर यो सरकार तेलमा कान हालेर र साइत कसैसँग कसैको रीमोटबाट चलेर जब त्यो रिमोटको बटन थिचिन्छ तब मल र बिउ चाहि उहाहरुले दिनुहुन्छ र बजेट चाहि बितरण गर्नुहुन्छ । दोस्रो कुरा अहिले मन्त्रालाएबाट मलको लागि काठमांडौ थिए काठमांडौ पनि मलाइ फोन गयो के माननीय ज्यु तपाइले चाहि योजना दिनुस ५ करोड बजेट संघिए सरकारले अनुदान दिएको छ रे त्यसमा तपाइलाइ हामी केहि चाहि सहयोग गर्छौं भनेर कुरा गर्नु भो अनि मैले भने तपाइले चाहि २६/२७ अरब बजेट हामीले पास गरेम त्यो बजेटबाट हामीले बजेट पाउन सकेनौ भने ५ करोड अनुदानको हामीलाइ बजेट दिनुहुन्छ । हामीलाइ चाहिएन ,त्यो बजेट दिनु छ भने सबैलाइ तपाइले सम्मान गरेर दिनुस हामी योजना पेश गरेकै छौ किन हामीले छुट्टै योजना दिनुपर्यो अनि योजना दिदाखेरि तपाइहरुको खुट्टा ढोग्नुपर्यो, तपाइहरुलाइ बिन्ति गर्नुपर्यो। बिन्ति गर्दा गर्दै खुट्टा ढोग्दा ढोग्दै त्यो बजेट कता जान्छ थाहै हुदैन। आज प्रतिपक्ष भएर तपाइहरुले बिरोध गर्न हुन्छ भने सत्ते पक्षको किन बिरोध आइराको छ मैले भने सांसदहरुको गरिमा थाहा छैन । यो सरकारलाइ म आग्रह गर्न चाहान्छु यि सांसद हुन सांसदको गरिमा के छ त्यो सांसदको गरिमा लाइ तपाइले सम्मान गर्नुस र आउदो ०७७/७८ को बजेट चाहि ३ करोड निर्बाचीत सांसदलाइ दिने छ त्यो चाहि पुनह म भन्दै छु खारेजको माग गर्न चाहान्छु र त्यो बजेट कोरोना नियन्त्रणमा जाहोस भन्न चाहान्छु र दोस्रो कुरा राना थारु आफ्नो भुगोल पहिचान र पहिचानका लागि २०५७ सालदेखि निरन्तर आवाज उठाउदै आएको सबैलाइ थाहा भएकै कुरा हो । अथक प्रयास गरिरहदा २०६८/०६९ सालमा एकल आन्दोलन गर्न बाध्य भएको थियो । २०६९ सालको जेठ १४ गते आठ बुदे सम्झौता पनि तत्कालिन सरकारसँग भएको थियो । २०७१ को आन्दोलन पछि ढिलो चाडो जे भएपनि सम्माननीय केपि शर्मा वलि ज्युको दुइतिहाइ बहुमत संघिए सरकारले २०७६ साल कार्तिक १६ गते रानाथारु भाषा सुचिकृत माघ २० गते आदिवासि उत्थान राष्ट्रिए प्रतिस्ठान महासङ्घमा साठिऔ नाममा राना थारु जाति सुचिकृत भएकोमा र २०७५ जेठ मा रानाथारु जाति राजपत्रमा प्रकासित भएकोमा रानाथारु जाति २०७२ सालको संविधान मा सबै सैविधानिक कानूनी रुपले मुलधारमा प्रबेस गरेकोमा प्रदेस सरकारमार्फत संघिए सरकारलाइ मेरो व्यक्कतिगत तर्फबाट, मेरो पार्टिको तर्फबाट र मेरो समाजको तर्फबाट पनि हिर्दए देखि म धन्याबाद दिन चाहान्छु । र साथै राना थारए जातिको महान होलि पर्बको प्रदेश स्तरीए एकदिने बिदा दिने घोषणा गरेकोमा प्रदेश सरकारलाइ मेरो व्यक्तिगत तर्फबाट, पार्टिको तर्फबाट र समाजको तर्फबाट पनि म धेरै धेरै प्रदेश सरकारलाइ धन्याबाद दिन चाहान्छु र फेरि पुनह म भन्न चाहान्छु ३ बर्ष काटिसक्यो अहिले

सम्म हामी सोझा सांसदहरुलाइ कुनै पनि बजेट अहिलेसम्म हामीलाइ यो सरकारले दिएको छैन । दिने पनि छैन बिस्वास हामीले गरेका छौ । त्यसकारण यो बजेटको खारेजिको म माग गर्न चाहान्छु ,यो बजेट खारेज होस । यो सबै बिकासमा तपाइहरुले आफै बिकास गर्नुस आफै लगाउनुस आफै हरेक ठाउमा गर्नुस र दोस्रो चाहि तपाइको रुकुम जिल्लामा २१ औ शताब्दिमा यो छुवाछुत बेंद जुन गरिएको छ तपाइ छुवाछुत गर्नेलाइ म प्रश्न गर्न चाहान्छु तपाइ आफ्ने शरिरको खुन काट्नुस देखाउनुस र दलितको खुन काटेर देखाउनुस ति खुन एउटै मिल्छ कि मिल्दैन रातो हो कि कालो हो त्यसकारण तपाइहरुले बिभेद गरेर अरुको बालबच्चाको हत्या गर्नेलाइ कानुनको कट्घेरामा तुरुन्तै ल्याउनुपर्छ । यो हस्रा, त्यो हस्रा, अहिले हुन्छ, तैले हुन्छ तुरुन्त कानुनको कट्घेरामा ल्याएर कार्बाहि गरियोस म माग गर्न चाहान्छु दोसिलाइ कानुनको दायरामा ल्याएर कार्बाहि गरियोस भन्दै म पुन यो छैटौ अधिवेशनको सफलताको कामना गर्दै बिदा हुन्छु धन्यबाद ।

७. **माननीय सदस्यहरु,**
आजको विशेष समय यही समाप्त हुन्छ ।

८. **माननीय सदस्यहरू,**
आर्थिक मामिला तथा योजना मन्त्रालयबाट प्रदेश आर्थिक कार्यविधि (पहिलो संसोधन) अध्यादेश,२०७७ बमोजिम सुदूरपश्चिम प्रदेश सरकारका माननीय आर्थिक मामिला तथा योजना मन्त्रीलेआर्थिक वर्ष २०७७/०७८ को विनियोजन विधेयकमा समावेश हुने बजेट तथा कार्यक्रमको सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरू( कर प्रस्ताव वाहेक) सहितको पूर्व बजेट तयार गरी प्रदेश सभामा प्रस्तुत गर्नु पर्ने व्यवस्था अनुसार प्रदेश सभामा आर्थिक वर्ष २०७७/०७८ को पूर्व बजेट छलफलको लागि आगामी २०७६ साल जेष्ठ १३ गतेका लागि विशेष समय उपलब्ध गराइदिनहुन अनुरोध गर्दछु भन्ने मिति २०७७।०२।०९ च.नं.१८३९ को पत्र प्राप्त हुन आएको जानकारी गराउछु ।

९. **माननीय सदस्यहरु,**
अव म आर्थिक मामिला तथा योजना मन्त्री मा० झपट बहादुर बोहरालाई प्रदेश आर्थिक कार्यविधि (पहिलो संसोधन) अध्यादेश,२०७७ बमोजिम आगामि आ.ब. २०७७/०७८ को बजेट तयारीकालागि विनियोजन विधेयकका सिद्धान्त उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरु सहित पूर्व बजेट छलफलका लागि तयार पारिएको दस्तावेजलाई सभा समक्ष प्रस्तुत गर्न अनुमती दिन्छु ।

माननीय सभामुख महोदय समयको लागि म हार्दिक धन्यबाद दिन चाहान्छु प्रदेशको अवस्थामा बाहेक अन्य अवस्थामा तत्काल केहि गर्न आवश्यक परेमा मन्त्री परिषदको सिफारिसमा प्रदेश प्रमुखले अध्यादेस ल्याउन सक्ने छ भन्ने संविधानको धारा ३०२ मा लेखेको छ उपधारा १ बमोजिम जारि भएको अध्यादेश ऐन सरह मान्य हुने छ तर त्यस्तो प्रत्येक अध्यादेश जारि भएपछि बसेको प्रदेश सभएको बैठकमा पेश गरिने छ र प्रदेश सभाले स्विकार नगरेमा स्वतह खारेज हुने छ र त्यसपछि प्रदेश प्रमुख ले पनि कुनै बेला पनि त्यसलाइ खारेज गर्न सकिने छ । यदी यसमा प्रकृया अगाडि बढेन भने आफै स्वतह निस्क्रिए हुनेछ । हाम्रो सुदुरपश्चिम प्रदेसको नियमावली पुरानो थियो संविधानको धारा

२०२ बमोजिम पारित भएको अध्यादेश जारि भएपछि बसेको प्रदेश सभएको बैठकमा सम्बन्धित मन्त्रीले पेश गर्ने छ । औचित्य र कारण सहित जस्तो संघिए व्यवस्थापन कार्यविधि को संविधानको धारा ११४ मा के लेखेको छ भने स्पस्टिकरणमा संविधानको धारा ११४ मा अध्यादेश जारि भएको लाइ संघिए सशसदको पहिलो बैठकमा पेश गरिने त्यहाको दुइतिहाइ बहुमत प्राप्त गरिसकेपछि त्यसलाइ पास गरी संविधान बिपरित त्यलाइ अगाडि नबढाउने। किन भन्दा खेरि यो संविधान बिपरित हुन्छ, यो गलत गयो भने एस भोलि ;हामी कसैलाइ पनि फाइदा गर्दैन त्यसैले यो भाग सरकारले गरेका कुराहरु मलाइ स्पस्ट थिएन यो बारेमा सोच्नुपर्छ भन्दा खेरि संविधान सम्मत तरिकाले हुदैन एदि त्यसको निचोड गरेर त्यलाइ प्रस्तावको रुपमा ल्याएर त्यहा प्रतिपक्ष ले पनि एलाइ स्विकार गर्छ । भन्छ तर संविधानको मुल मर्म र भावना अनुसार त हामी प्रदेश सभालाइ अगाडि बढाम गलत गर्यो भने पछि पनि यै समस्या हुन सक्ने भको हुनाले मैले यो सदनको गरिमा र सविधानको मर्म र मान्यता अनुसार एलाइ अगाडि बढाउ भनेर मैले आग्रह गरे। साथै आज पर्देस सभाको छैटौ अधिवेशनको पहिलो दिनमा माननीय मुख्यमन्त्री ज्युले सभालाइ दिनमा हामीलाइ हौसला बढाउनु पर्नेमा उहाको यो अनुपस्थिति जहिले पनि उहा त्यो संविधान बिपरित कार्य बढोस एलाइ मिचेर अगाढि बढ्दाखेरि गलत परम्पराको थालनि हुन्छ । म सभामुख मार्फत सरकारको ध्यानाकर्षण गर्न चाहान्छु धन्यबाद।

माननीय भरत बहादुर खड्काले उठाउनु भएको प्रश्नमा यो संविधानको धारा २०२ को क मा के लेखेको छ भने जारि भएपछि बसेको प्रदेश सभएको बैठकमा पहिलो बैठक भनेर उल्लेख भएको छैन त्यसैले यो छ महिना पछी स्वतनिष्क्रि :ए हुनेछ भन्ने उल्लेख भएको छ त्यसैले पहिलो बैठक भन्ने शब्द नभएको हुनाले अगि उल्लेख गरेअनुसार अर्थमन्त्रीज्युलाइ आफ्नो प्रस्तुत गर्न अनुरोध गर्दछु ।

माननीय सभामुख महोदय सर्बप्रथम म क्षमा मागन चाहान्छु यो माइकमा रुमाल हालेको छु यो पिक अप्सन गर्नाका लागि मात्रै हो यो अन्याथा केहि छैन एदि कसैलाइ एस कुराबाट दुविधा लागेको छ भने म क्षमा चाहान्छु यो एउटा डिस्टेन्स मेन्टन गर्नको लागि सचेतनाको लागि मैले गरेको हो यो अन्याथा छ भने अनुमति पाइदैन । माननीय सभामुख महोदय मानव सभ्यताको इतिहासमा गम्भिर परिवेसमा हामी छौ म पुर्ब बजेट कार्याक्रममा प्रतिवेदन वाचन गर्नुभन्दा अगाडि माननीय सभामुख ज्युको अनुमतिले दुइटा कुरामा प्रवेश गर्ने अनुमति चाहान्छु । पहिलो कुरा नेपालको शंघिय सरकारले लिम्पियाधुरा, लिपुलेक र कालापानि क्षेत्रलाइ नेपालको भूभाग हो भनेर मन्त्रीपरिषद बाट स्विकृत गरि नया नक्सा जारि गरेको छ र त्यो नया नक्सा अनुसार संविधान संसोधान गरेर त्यसमा इनकर्पोरेट गर्ने पर्कृया पनि अगाडि बढाएको छ । म माननीय सभामुख मार्फत सम्माननीय प्रधानमन्त्री ,माननीय मन्त्री ज्युहरु प्रतिनिधि सभाका सांसद ज्युहरुलाइ एस ऐतिहासिक कार्यालाइ अगाडि बढाएकोमा र आफ्नो मिचिएको अथवा बिबादित भुभागलाइ आफ्नो हो भनि दावा पेश गरेको मा प्रदेश सरकारको तर्फबाट हार्दिक कृतज्ञता व्यक्त गर्न चाहान्छु । अहिले हामी बिसिष्ट परिस्थितिमा रहेको कुरा सबैलाइ ज्ञात नै छ यो कोरोनाले मात्रै अहिले हामीलाइ जो थला पारेको छ मलाइ लाग्छ मानव इतिहासमा एकैपटक

दुइ सए भन्दा बढी मुलुक एकै चोटि लकडाउनको र सोसिएल डिस्टेन्स मा बस्नुपर्ने मानव सभ्यताको उत्पति भए पस्चात यो पहिलो चोटि हुन गइरहेको जस्तो लाग्छ । मलाइ तथापि परापुर्बकालमा पनि नभाका होइनन् मलाइ लाग्छ यो पृथ्विमा मानवको उत्पति भएको भन्दा अगाडि नै जलाइ हामी व्याकटेरिया भन्छौ । जो भाइरस भन्छौ ति अरब बर्ष अगाडि बिद्धमान थिए रे र मानव सभ्यता १ लाख ५० हजार बर्ष भन्दा अगाडि मात्रै थियो रे १ लाख ३० हजार बर्ष त्यसैले सबभन्दा पहिला रोग विश्वमा यो लगभग लगभग ८८ बर्ष अगाडिएो रोग बिश्वमा संक्रमणमगएको भन्ने इतिहासमा त्यो लेखेको छ जो यो रोगको लागि ३० प्रतिशत मान्छेको डेथ भको रैछ बिश्वभरि लगभगलगभग ८०, ९० करोड मान्छे संक्रमित भएर निको भएको कुरा इतिहासको कालखण्डमा दर्जा भएको हामीले पाएका छौ त्यस्तै अर्को यो चाहि जो महिले बिफर महामारीको बारेमा भने एन्टिमेटलोटको पनि एसमा ठुलो असर गरेको रैछ सन १६५ देखि १८० सम्मको अवधिमा फैलिइएको एसको मृत्युदर ३० देखी ९० पर्तिशत रहेको रैछ । र ५० लाख भन्दा बढि मान्छेहरु एसको सिकार भएका रैछन तेस्रोमा जर्सिएन पेलेट भन्ने सन ५४१ देखी ५४२ सम्म भएको रैछ ४० प्रतिशत एसको मृत्युदर रहेको रैछ । लगभग १० करोड मान्छेको एसमा मृत्यु भएको रैछ त्यसपछी यो ब्ल्यास डेथ भन्ने पेलेट रोगको महामारिको पनि १३४६ देखि १३५३ सम्म भएको रैछ लगभग १० करोड मान्छे एहा पनि मरेका रैछन पाँचौमा यो कोकोल लिस्टिनि भन्ने १५४० देखि १५८५ मा उत्पति भएको रैछ एसमा २ करोड मान्छेले आफ्नो ज्यानको समर्पण गरेको रैछ एस रोग प्रति त्यस्तै अमेरिकन एउटा प्लेटन आएको रैछ १६ औ शताब्दिमा एसमा पनि धेरै मान्छेले गरेका रैछन । त्यस्तो गर्दागर्दै अहिले लगभग लगभग कोरोनाको स्टेज आएको छ अहिलेसम्म भ्याक्सिन पनि छैनन । मेडिसिएन पनि छैनन । एसको लागि कोभिड १९, २०१९ बाट प्रारम्भ भएको हो र २०२० को अहिले निएमित रुपमा चलिराखेको छ । यो अहिले एसको भ्याक्सिन र मेडिसिन नआएको हुनाले २०२१ र २०२२ कतिसम्म जान सक्छ त्यो पनि अन्योलता छ त्यसैले एसले ठुलो भयाभहको सामना मानवसभ्यतालाइ चुनौतिको रुपमा अगाडि सारेको छ । अहिले सम्म लगभग साढे ३ लाखको एराउन्डमा मृत्युको दरमा पुगिसकेका छन त्यसैले यो विसिस्ट परिस्थितिमा हामीले ऐकि बद्धता जारि गरेर सामुहिक रुपमा चुनौतिको हामीले सामना गर्नुपर्ने स्थिति परिआएको छ । एसै समयमा बजेट का छलफलका कार्याक्रमहरु यसै परिवेशमा छैटौ अधिवेशन एसै परिस्थितिमा नीति तथा कार्यक्रम आगामी आर्थिक बर्ष ०७७को लागि पनि ०७८/ गते बजेट प्रस्तुत हुने कार् १असार ए क्रम रहेको छ अब म बिषए बस्तुमा जाने अनुमत चाहान्छु । माननीय सभामुख महोदय नेपालको संविधान बमोजिम एस गरिमामय प्रदेश संसदमा सुदूरपश्चिम प्रदेश सरकारको आर्थिक मामिला मन्त्री तथा योजना मन्त्रीको हैसिएतले प्रदेश आर्थिक कार्यविधि अध्यादेश २०७७ को दफा ९ तथा प्रदेश सभा नियामावलि २०७४ को नियम १३३ को उपनियम २ को कानुनु व्यवस्था अनुरुप बिनियोजन विधेएक २०७७ का सिध्दान्त उद्धेश्य प्राथमिकता र प्रमुख नीतिहरु एस गरिमामय सदन समक्ष प्रस्तुत गर्न पाउदा गौरब अनुभति गरेको छु । महामारीको रुपमा फैलिएको कोभिड १९ को रोग संक्रमणका कारण विश्का अधिकांस मुलुक आक्रान्त भएका छन कोरोना

भाइरसको संक्रमणको उपचार रोकथाम र नियन्त्रणमा अग्र पंक्तिमा रही अहोरात्र खटिने स्वास्थ्य कर्मि, सुरक्षा कर्मि, जनपर्तिनिध कर्मचारी स्वमसेवक र यि क्षेत्र लगाएत सम्पुर्ण जनताप्रति हार्दिक कृतज्ञता व्यक्त गर्न चाहान्छु । कोभिड १९ को कारणले गर्दा ज्यान गुमाउनेहरु प्रति हार्दिक श्रदान्जलि व्यक्त गर्दै निजहरुको शोकसन्दर्भ परिवारप्रति गहिरो समवेदना व्यक्त गर्दछु । साथै कोभिड १९ रोगबाट संक्रमितहरुको शिघ्रस्वास्थ्य लाभ को कामना गर्दछु कोभिड १९ रोगको नियन्त्रण र रोकथाम गर्ने कोहि सरकारले लिने निति नियमको हामी सबै बाट परिपालन भइ सहयोग रहने छ भन्ने कुरामा विस्वस्त छु । सामाजिक दुरि कायम गर्दै आफुलाइ सुरक्षित र अरुलाइ पनि सुरक्षित राख्न हार्दिक अनुरोध गर्दछु । कोभिड-१९ को नियन्त्रण गर्ने सन्दर्भमा प्राथमिकताका साथ बजेट बिनियोजन भएको व्यहोरा सम्मानित सभा समक्ष अवगत गराउन चाहान्छु । मानव सभ्यताको उत्पति भए पश्चात विश्व समुदाय र विश्वका सबै मुलुकहरु एकै पटक कोभिड १९ को महामारिको चपेटामा परि लकडाउन गर्न बाध्य परेको पहिलो घटना नै होला विश्वमा एकै पटक महामारिको रुपमा फैलिएको कोभिड १९ रोगको संक्रमण रोक्न उचित व्यवस्थापन गर्नुपर्ने । र विस्व आर्थिक संहारको रहेको समएमा प्रदेशको अर्थतन्त्र लाइ चलाएमान बनाउनुपर्ने कठिन र चुनौतिपर्ण विसम परिस्थितिमा आर्थिक बर्ष ०७७ ०७८/ को लागि विनिए ोजन बजेटको सिध्दान्त, उधेश्य र प्राथमिकता र प्रमुख कर प्रस्ताव बाहेक प्रस्तुत गरिरहदा चुनौति सँगै गहन जिम्मेवारिको बहन गरिरहेको छु । चुनौतिको सामना गर्ने सन्दर्भमा प्राप्त भएका अनुभव पाठलाइ अवसरको रुपमा परिणत गर्दै प्रदेशको अर्थतन्त्रलाइ शुखद गन्तव्यतिर पुर्याउने एथेष्ट प्रएत्न गरिनेछ र एसमा सबैको साथ र सहयोग रहने छ । भन्ने कुरामा म विस्वस्त छु कोभिड १९ को समस्याले गर्दा उद्योग व्यापार पर्यटन व्यावसाय आयात ,निर्यात लगानिका क्षेत्रहरु अति प्रभावित बन्न पुगेका छन भने उत्पादनामा शिथिलता आइ बेरोजगारिको ठुलो समस्या उत्पन्न भएको छ । भारत या तेस्रो मुलुकवाट जनता आफ्आफ्नो घर फिर्ता हुने क्रम जारी छ र एसले गर्दा सामाजिक सुरक्षा खाद्य सुरक्षा र रोजगारिमा नीकै ठुलो चुनौति सृजना हुन गइरहेको छ । आगामि आर्थिक बर्षको बजेटले प्राभवित क्षेत्रलाइ सम्वोधन गरि शिथिलताको समयलाइ अन्त्य गर्दै आर्थिक बिस्तारलाइ प्राथमिकतामा राखी अर्थतन्त्रको पुनरुत्थान नयाँ शिलाबाट द्रुत गतिका साथ थप गतिशिल बनाउन तर्फ बजेट केन्द्रित हुनेछ । संघिएताको कार्यान्वयन भए सँगै सबै प्रकारका बिभेद र उत्पिडनको अन्त्य गर्दै आम जनताले प्रत्यक्ष रुपमा अनुभुति गर्ने गरि लोकतन्त्रको लाभ जनताको घर दैलोमा पुग्नुपर्दछ भन्ने मान्यतालाइ ऐतिहासिक अवसर हामीलाइ प्राप्त भएको छ । एस सुअवसरमा नागरिकले एथेष्ठ लाभ उठाउन सक्ने गरि काम गर्न हामी सबै प्रतिबद हुनुपर्ने आजको टड्कारो आवश्यकता रहेको अनुरोध गर्न चाहान्छु प्रदेश सरकारको संस्थागत संरचना मानव संघ साधन व्यवस्थापन र बित्तिए स्रोत साधन उचित प्रयोग गरि जनताको विकास प्रतिको तिव्र चाहाना र प्रदेशको सिमित स्रोत साधन को उपलव्धता विच ताद मिएता कायम गर्दै उच्च बिनियोजन कार्य कुसलता अभिबृदि गरिनुपर्ने भएको छ । बिनियोजन विधेएक २०७७ को सिध्दान्त र प्राथमिकता निर्धारण गर्दा हाम्रो मुलुकले अनिकार्थ गरेको खुला अर्थ निति समावेशिता र नेपालको संविधानमा उल्लेखित समाज उन्मुख स्वतन्त्र समृद अर्थतन्त्रको

कार्य दिशा, दिगो बिकासको राष्ट्रिए प्रतिबदता, दिर्घकालिन सोच सहितको १५ औ योजना आदिलाइ मार्गदर्शन को रुपमा लिएको छ । साथै बिगतको निर्वाचन मार्फत जनउन्मोदित चुनावी पत्रलाइ पनि बिनियोजन विधेएक २०७७ को सिद्धान्त तथा प्राथमिकता तयार गर्दा आधारको रुपमा लिएको छ । कोभिड १९ को जोखिम न्युनिकरण मा राष्ट्रिय ऐकिबदता महत्वपुर्ण रहेको छ शिथिल प्राए भएको सामाजिक तथा आर्थिक जिवन चक्रलाइ पुनरस्थापित र गतिशिल बनाउन हामी सबैको क्रियाशिलता आवश्यक रहेको छ एसमा सब को साथ र सहयोग रहने कुरामा म विस्वस्त छु । माननीय सभामुख महोदय अब म एस सम्मानित सभा समक्ष बिनियोजन विधेएक २०७७ मा समावेस हुने बजेटका सिध्दान्तहरु प्रस्तुत गर्ने अनुमति चाहान्छु । नेपालको संविधानमा उल्लेखित मौलिक हकको प्रभावकारि कार्यान्वयन गर्ने दिसामा आगामी आर्थिक बर्षको बजेट निर्देसित हुने छ प्रदेशमा सबल र सक्षमताको आधारसिल स्थापनाको लागि बजेट निर्माण गर्दा संविधानले ब्यवस्ता गरेको राज्यका निर्देसक सिधान्त तथा नितिहरु र रोक कलङ्कारि राज्यको आधारभुत सिध्दान्तको परिपालना छ खुला स्वस्थ र प्रतिस्प्रधि बजार को सुदिढिकरणबाट उत्पादन उत्पागक्त्व उदएम सिलता र प्रविधिलाइ प्रोत्साहन गर्दै स्वतन्त्र समृद र सबल अर्थतन्त्र निर्माण गरिने छ । निजि क्षेत्रलाइ सामाजिक जिम्मेवारि सहीतको आर्थिको साजेदारि को रुपमा अगाडि बढाइने छ सार्बजनिक नीजि र सहकारी क्षेत्रको सहभागितामा तिव्र आर्थिक बृदि हासिल गर्दै दिगो आर्थिक बिकास तथा प्राप्त प्रतिफलको न्यायोचित बितरण गरि समतामुलक समाज निर्माण गर्ने सिध्दान्त को अवलम्वन गरिने छ । एसबाट समृद स्वाधिन एवम समाजबाद अर्थतन्त्र निर्माणको आधार तयार गरिने छ । उपलब्ध न्युन स्रोत र साधन बाट अधिकतम प्रतिफल हासिल गर्नुपर्ने अवस्थामा प्रातमिकताको आधारमा कार्यक्रम तथा आयोजना छनोट गर्ने सिद्धान्त अवलम्वन गरिने छ बजेट तर्जुमा गर्दा आउदो योजना नेपाल सरकारको कुटनीति । नेपाल राष्ट्र बैकको मौद्रिक निति प्रदेश सरकारको नीति तथा कार्यक्रम र स्थानीय तहका आवस्यकता समेतलाइ ध्यानमा राखि समन्वय सहकार्य र सहकारीताको सिद्धान्त अवलम्वन गरिने छ । बजेट निर्माण गर्दा चालु बजेटालाइ वानसिक खर्चमा राखिन्छ अभिबृदि गर्ने गरि बिनिएतोजन कुशलताको सिद्धान्त अवलम्वन गरिने छ । सरकारले गर्ने खर्चलाइ निर्देहिता तथा पार्दर्शिता सहितको उत्तरदायित्व सुनिस्चित्व हुने गरि प्रदेश सरकारबाट अनुमोदन नगरि खर्च नगर्ने बजेटको सिद्धान्त रहने प्रबिधिको पुर्ण पालना गरिने छ । माननीय सभमुख महोदय अब म आर्थिक बर्ष ०७७को बजेटको ०७८/ उद्देश्एहरु प्रस्तुत गर्ने अनुमति चाहान्छु समाजवाद उन्मुख अर्थतन्त्रमा टेवा पुर्याउने कोभिड १९ संक्रमणबाट शिथिल भएको अर्थतन्त्रको पुनरुत्थान गर्ने समावेशि र दिगो आर्थिक बिकास मार्फत सामाजिक न्याए कायम गर्ने रोजगारि र स्वरोजगारी सृजना गरि अर्थतन्त्रलाइ गतिशिल बनाउने, कृषिमा आत्मानिर्भरता हासिल गर्न उत्पादन र उत्पागत्व अभिबृदि गर्दै खाद्य सुरक्षा आपुर्ति व्यस्थापन र पोषणको अवस्थामा सुधार गर्ने गुणस्तरयुक्त आधुनिक प्रदेश को बिकास गर्ने प्रदेशमा गुणस्तरिय शिक्षा प्रणालीको बिकास गर्ने आन्तरिक उत्पादन बृदि निर्यात प्रोत्साहन र आयात व्यवस्थापन गर्ने पुर्वाधार क्षेत्र कार्याक्रिमलाइ रोजगारि सृजना सँग एकिकृत गर्ने प्रदेशका नागरिकलाइ समाबेसिता समाता र

शुसानको प्रत्याभूति गराउने र समग्र आर्थिक स्थायित्व कायम गर्ने । माननीय सभामुख महोदय अब म कर बाहेकको आर्थिक बर्ष ०७७को बजेटका प्राथमिकताहरु प्रस ०७८/ुतुत गर्ने अनुमति चाहान्छु बेरोजगारि, गरिबि र कोभिड १९ को महामारिबाट आक्रान्त नागरिकलाइ तत्काल राहत पुग्ने गरिबि निवारण गर्ने र स्वास्थ्य सुरक्षा प्रदान गर्ने कार्याक्रमलाइ प्रमूख प्राथमिकतामा राखिने छ । कोभिड १९ रोग संक्रमण र एसको रोकथामको लागि गरिएको बन्दा बन्दिको कारण सुदुरपश्चिम प्रदेशको समग्र मा पर्न गएको र भविष्यमा पर्न सक्ने नकारात्मक असर र क्षति न्युनिकरण गर्ने तथा अर्थतन्त्रको पुनरुत्थान मा सहयोग पुर्याउने कार्याक्रमलाइ उच्च प्राथमिकता प्रदान गरिने छ । स्वदेश तथा विदेश मा रोजगारी गुमाएका नागरिकहरु को आएआर्जन बढाइ अर्थतन्त्रलाइ गतिशिल र चलाएमान गराउन उनिहरुमा रहेको ज्ञान सिप र क्षमता प्रयोग हरि कृषि तथा गैर कृषि क्षेत्रको उत्पादन तथा उत्पागकत्व अभिबृदि गर्ने क्षेत्रमा प्रदेश सरकारका बिकास क्रियाकलाप हरु लक्षित हुनेछन स्थानीय सिप स्रोत र साधनमा आधारित लघु, साना तथा घरेलु एवंम मझौला उद्योग तथा व्यवसाए प्रबदन गरि रोजगारि तथा स्वरोजगारि मार्फत आएआर्जन बृदि गर्ने कृयाकलापहरुलाइ प्राथमिकता दिइ प्रोत्साहान गरिने छ । शिक्षा, स्वास्थ्य, मानव बिकास लगाएतका सुचकाङ्कमा पछाडि परेका बाजुरा, बझाङ, दार्चुला र अछाम जिल्लाहरुमा सञ्चालन हुने कार्यक्रमहरुलाइ प्राथमिकता का साथ बजेट विनियोजन गरिने छ । प्रदेशमा रहेका छाउपडी प्रथा, जातिय छुवाछुत, बालबिबाह महिला हिंसा लगाएत का सामाजिक कुरितिहरु बिरुद लड्न बिसेस कार्यक्रम सञ्चालन गरिने छ । संविधान प्रवक्त मौलिक हकको कार्यान्वयनमा सहयोग पुग्नेगरि संविधानको मार्गदर्शन र संघिए सरकारले लिएका राष्ट्रिए बिकासका लक्ष्यहरु प्रदेस सरकारको प्रातमिकता र दिगो बिकासका लक्ष्यहरु हासिल गर्ने दिसामा केन्द्रित कार्यक्रमलाइ प्राथमिकता दिइने छ । पिछडिएको वर्ग लिङ्ग जातजाति र समुदायलाइ अवसरको बितरण र पुन बितरण मार्फत सामाजिक न्यायसहितको सुरक्षा प्रदान गर्ने कार्यक्रम सञ्चालन गरिने छ प्रदेशको बिकास निर्माण र सेवा प्रवाहलाइ जवाफदेहि उत्तरदायि एवंम मार्गदर्सि बनाउदै प्रविधिको प्रयोग मार्फत सुशान पर्विधिमा टेवा पुर्याउने कार्यक्रम सञ्चालन गरिने छ । माननीय सभामुख महोदय अब म आर्थिक बर्ष ०७७ को ०७८/बजेट बिनियोजनको लागि अवलम्वन गरिने प्रमुख नितिहरु प्रसतुत गर्ने अनुमति चाहान्छु । आर्थिक बर्ष ०७७को बार्षिक बिकास कार् ०७८/एक्रम बिकास गर्दा बजे टका मुल्एमान्यता,सिद्धान्त योजनाको छनोटको मापदण्ड बिधि र प्रकृया अनुसरण गरिने छ । कोभिड १९ रोगको महामारीबाट प्रभावित नागरिकहरुलाइ तत्काल राहत र पुनस्थापना कार्यक्रम सञ्चालन गरि कल्याणकारि राज्यको अवधाराणालाइ मुर्त रुप दिने नीति लिइने छ । महामारी रोगको पहिचान उपचार नियन्त्रण एवंम रोकथाम गर्न प्रदेश स्वास्थ्य प्रणालीको समुचित बिकास गर्ने अवलम्वन गरिनेछ । जनताहरु सँग रहेको ज्ञान, स्थानिए सिप र क्षमताका आधारमा रोजगारी गुमेका कोभिड १९ का कारणले बिदेशबाट फर्कि आएका र स्वदेशका नागरिकहरुलाइ पहिचान गरि तिनिहरुलाइ उत्पादान उतपादकत्व अभिबृतिमा परिचालन गरि रोजगारी प्रदान गर्ने निति अगिकार गरिनेछ । जनतालाइ आर्थिक क्रियाकलापमा संलग्न बढ्ने गरि आएआर्जन बढाउने र सामाजिक परिचालन मार्फत

सशक्तिकरण कार्यक्रमहरु सञ्चालन गरिनेछ । प्रदेश सरकारले कार्यक्रमहरु सञ्चालान गर्दा संघिए सरकारले एस प्रदेशमा सञ्चालन गरेका गरिबि निवारणसँग सम्वन्धित कार्यक्रमहरुको परिपुरक हुने गरि सञ्चालन गरिनेछ संघिए सरकार र स्थानिए तह सहितको साझेदारि र बिकास भागेदारहरुको संलग्नतामा सञ्चालित खाद्य सुरक्षा एवम पोसण कार्यक्रमहरुलाइ सहयोग पुग्ने गरि प्रदेश सरकारले कार्यक्रम सञ्चालन गर्ने छ । निर्बाहमुखि कृषि प्रणालिलाइ व्यवसाए कृषि प्रणालिमा रुपान्तरण गरि कृषि उपजको भण्डारण र बजारिकरणमा जोड दिदै आत्मनिर्भरता तर्फ उन्मुख हुने निति अवलम्वन गरिनेछ । कृषिमा आधारित ग्रामिण उद्योगको स्थापना तथा सञ्चालन गर्दै कृषिमा आत्मनिर्भरताको निति अवलम्वन गरिनेछ । कृषि जन्य बस्तुको उत्पादन भण्डारण र बजारिकरण मा संलग्न प्रदेश सरकारका निकाएहरु बिच कार्यक्रम निर्माण र कार्यान्वयन का चरणमा देखिएका आवश्यक समन्य गरि नीति अवलम्वन गरिनेछ । प्रदेश मा रहेको जडिबुटिको प्रचुर सम्भावनालाइ उत्पादन एवम बजारिकरण मा आबद्द गर्न सार्बजनिक नीति साजेदारिको निति अवलम्वन गरिने छ जल जंगल जडिबुटि को बैज्ञानिक र दिगो बिकासका साथ व्यस्थापन गर्ने निति लिइनि छ कृषि क्षेत्रको उत्पादन र उत्पाकत्व अभिबृदि गर्न साना सिचाइ सतह सिचाइ डिप र मध्यम खालका सिचाइ प्रणाली सम्वन्धि कार्यक्रम हरु सञ्चालन गर्ने निकाएले कृषि मन्त्रालएसँग समन्वए गरि कार्यक्रम तयारि छनोट र कार्यान्वयनमा अन्तर आवाज कायम गर्ने निति अवलम्वन गरिने छ । प्रदेस सरकारको अधिकारमा रहेका सबै सञ्जालको आवश्यकता बैठक आहवान गरि नया लोकमार्ग निर्माण र निएमित सञ्चालन हुन सक्ने गरि यातायात भौतिक पुर्बाधारको प्रमुख मेरुदणडको रुपमा बिकास गर्ने नीति अवलम्वन गरिने छ वैकल्पिक उर्जा र लघुविद्युत का कार्यक्रम मार्फत ग्रामिण बिद्युतिकरण गर्ने नीति अवलम्वन गरिने छ आम प्रदेश बासिलाइ स्वच्छ खानेपानि तथा सरसफाइको सुबिधा उपलब्ध गराउने तर्फ उच्च प्राथमिकता दिइने छ । बर्षेनि बाढि, पहिरोको कारणले खेति योग्य भुमि र मानव बस्ति कटानबाट हुने आकास्मिक क्षति न्युनिकरण गर्न दीर्घकालिन सोच सहिद नदि नियन्त्रण तथा तटबन्धन कार्यक्रम सञ्चालन गरिने छ । प्रदेशको उच्च आर्थिक बिकासको लागि प्रदेश गौरबका आयोजना तथा रुपान्तरणकारि आयोजनाहरु लाइ आवस्यक सुनिश्चित गरिने छ । प्रदेशलाइ प्राप्त राजस्व परिचालनको अधिकार प्रयोग गरि प्रदेशको आएमा आन्तरिक राजस्व को आकार बढाउन कर का स्थापित सिदान्तहरुलाइ अवलम्वन गरिने छ । मानव बिकास सुचकाङ्कमा पछाडि परेका जिल्लालाइ प्राथमिकता दिदै सवै जिल्लाहरुमा सन्तुलित बिकास गर्ने नीति अवलम्वन गरिने छ सञ्चार पुर्बाधारको समुचित निर्माण मार्फत सुचाना प्रबाह सशक्तिकरण र सेवा प्रबाह सँग जनतालाइ आबद्ध गरि आधुनिक प्रबिधिको प्रयोग र पहुच बिस्तार गर्ने नीति अवलम्वन गरिने छ आर्थिक बिकास तथा रोजगारिको प्रखुम आधारका रुपामा रहेको घरेनु साना र मझौला उद्योग एवम व्यवसाएको प्रबधन गर्ने निति अंहिङ्कार गरिने छ । मुल्य अभिबृदिमा एथेष्ट योगदान हुने उद्योगको बिकासका लागि निजी क्षेत्रलाइ प्रोत्साहन गरिने छ । शुसान प्रबर्दन र भ्रष्टचार नियन्त्रण गर्ने कार्यमा शुन्य सहनसिलताको निति अवलम्वन गरिने छ । प्रदेश बिकासको मेरुदणडका रुपमा रहेको धार्मिक सास्कृतिक पुरातात्विक पर्यटकिय पुर्बाधारहरुको बिकास तथा प्रबर्धनमा आन्तरिक

एवम बाह्य पर्यटनको लागि आकर्षक गन्तव्य स्थान निर्माण गर्नेतर्फ बजेट व्यवस्था गरिने छ प्रदेशमा सबल बित्तिए का लागि नेपाल सरकार तथा अन्य नियमकारि निकाएहरुसँग समन्वए र सहकारी गरिनेछ । वित्तिए सचेतना वढाउने नीति अवलम्वन गरिने छ प्रदेशमा निरक्षरता उन्मुलन गरि साक्षर प्रदेश निर्माण गर्न तए गरिएका  कार्यक्रमहरुलाइ निरन्तरता दिदै सुचना प्रविधिमा आधारित गुणस्तरिए शिक्षाको बिकास गरिने छ । सिप युक्तजनशक्ति उत्पादनका लागि प्राबिधिक तथा व्यवसायिक शिक्षा बिकासमा जोड दिइने छ, आम नागरिकलाइ स्वच्छ तथा सफा वातावरणमा बाच्न पाउने अधिकार सुनिश्चित गर्ने सबै किसिमका बिकासका क्रियाकलापहरु वाताबरणमैत्रि हुने व्यवस्था गरिने  छ सामाजिक सुरक्षा कार्यक्रम को प्रभाबकारी कार्यन्वयन गर्न आवश्यक समन्यवन गरिने छ सिमान्तकृत बर्ग र समुदाएको लागि आर्थिक सामाजिक सुरक्षाको व्यवस्था को लागि आवश्यक पहल गरिने छ । श्रम तथा रोजगारीका अवसरहरु सृजना गर्नाका लागि आवश्यक नीतिगत तयारि गरि जनसमुदाए स्थापना गर्ने कार्य दिसा तए गरिने छ । बेरोजगारीको अन्त्य गर्न प्राबिधिक सिपयुक्त जनशक्ति तयारि गरि लगुउद्यमको माध्यमबाट स्वरोजगार बृदि गर्न बजेट बिनियोजन गरिने छ। सार्बजनिक सुचना प्रबाहलाइ छिटो, छरितो र पारदर्शि बनाउन सुचना प्रविधिमैत्रि प्रसाशनको बिकास गरिने छ, शुसान प्रबर्दन गर्न सरकारी तथा गैर सरकारी क्षेत्र का सबै क्रियाकलापहरु लाइ भ्रष्टचारमुक्त पारदर्शि, जवाफ देहि र उत्तरदायी बनाउन र सेवा सुबिधाहरुको गुणस्तर सुनिश्चित गरिने छ साथै बजेट प्रणालीलाइ सूदृढ बनाउदै शुसासन कायम गरिने छ प्रदेशमा शान्तिसुरक्षा कायम गर्दै अपराध मुक्त समाजको निर्माण गर्ने निति लिइने छ । प्रदेशको समुन्तिका लागि युवा सहभागिता को नीति लिइनेछ समाजमा व्याप्त छुवाछुत छाउपडि बालबिबाह महिला हिंसा लगाएतका सामाजिक उत्पिडनमा परेका व्यक्तिलाइ क्षतिपुर्ति सहितको न्याए उपलवध गराइ समतामुलक र समन्यायिक समाजको बिकास गर्ने निति अंगिकार गरिनेछ बिकासका कार्यक्रमहरुमा महिला बिपन्न बर्ग दलित तथा पिछडिएका बर्गहरको सहभागिता सुनिश्चितता हुनेगरि कार्यक्रम तए गरिने छ । बञ्चितिकरणमा परेका बर्ग क्षेत्र का जनताहरुलाइ बिकासको मुलधारमा ल्याउने निति अवलम्बन गरिने छ, माननीय सभामुख महोदय हालै केन्द्रिए तथ्याङ्क बिभागले प्रक्षेपण गरेको राष्ट्रिए लेखा बिवरण अनुसार चालु आर्थिक बर्षमा सुदूरपश्चिम प्रदेशको कुल ग्रास्त उत्पादनको बृदिदर ४प्र ०८.तिशत हुने अनुमान गरेको छ यो बृदिदर अन्य प्रदेशहरु र राष्ट्रिए औसत बृदिदर भन्दा उच्च रहेको छ कृषिक्षेत्रमा भएको सापिक्षित बृदिले यो बृदिदर सम्भव हुन गएको देखिन्छ प्रदेश बासिको आवश्यकता र साधनको उपलव्धताको आधारमा प्राथमिकरण गरिएका माथिका सिद्धान्त उद्देश्य प्राथमिकता र प्रमुख नितिहरुको परिधि भित्र रहि आगामि आर्थिक बर्षको बजेट तयारी गरिने कुरामा माननीय सांसद ज्युहरुमा मा बिसेस तुल्याउन चाहान्छु । माननीय सांसद ज्युहरुबाट आर्थिक बर्ष २०७७ को ०७८/बिनियोजन बिधेएकका सिदान्त उदेश्य प्राथमिकता र प्रमुख निति कर प्रस्ताब माथिको बृहत छलफल गरि रचनात्मक सुझाब दिनुहुने छ भन्ने कुरामा म बिस्वस्त छु । यो सुझाव र निकट भविष्यमा जारि हुने प्रदेश सरकारको निति तथा कार्यक्रम आगामि आर्थिक बर्ष २०७७को बजेट निर्माणको सन्दर्भमा मार्गद्शर्नको रुपमा रहने व् ०७८/ए वहोरा

गरिमामए सभा समक्ष अनुरोध गर्दछु साथै एस बिनियोजन विधेएक को सिदान्त र प्राथमिकता मा आफनो अमुल्य राए सुझाब प्रदान गरि सहयोग गर्ने प्रदेश सभाका सम्पुर्ण माननीयसदस्य ज्यु हरुलाइ हार्दिक धन्यबाद ज्ञापन गर्न चाहान्छु । माननीय सभामुख ज्यु बाट आर्थिक बर्ष ०७७को ०७८/ बिनियोजन विधेएकका सिदान्त, उदेश्य र प्राथमिकता र प्रमुख नीतिहरु कर प्रस्ताव बाहेक सम्मानित सभा समक्ष प्रस्तुत गर्नको लागि बिसेस समए प्रदान गरेकोमा माननीय सभामुख ज्युमा हार्दिक कृतज्ञता व्यक्त गर्न चाहान्छु ।धन्यबाद ।

माननीय सदस्यहरु आर्थिक मामिला तथा योजना मन्त्री ले अभिव्यक्ति दिने क्रममा उठेका शव्दहरुको बिषएमा माननीय दिर्घ बहादुर सोडारिले उठाउनु भएको प्रसङ्ग ध्यानाकर्षण भएको छ लिपुलेक लिपियाधुरा र कालापानि भन्ने शब्द जो छ त्यलाइ यो प्रदेस सभएको रेकर्डबाट हटाउनका लागि कर्मचारीलाइ आग्रह गर्न चाहान्छु ।

१०.माननीय सदस्यहरू,

प्रदेशसभा निएमावली,२०७४को नियम ११(१) वमोजिम सभामुख र उपसभामुखको अनुपस्थिीमा बैठकको अध्यक्षता गर्नको लागी दलीए प्रतिनिधित्व हुनेगरि निम्नानुसारका सदस्यहरुलाई मनोनएन गरेको जानकारी गराउदछु ।

१) माननीय दिव्यश्वरी शाह,

२) माननीय मालामती कुमारी राना थारु,

३) माननीय शान्ति नेपाली ,

४) माननीय कुलवीर चौधरी ,

११. माननीय सदस्यहरु,

आर्थिक मामिला तथा योजना मन्त्री माननीय झपट बहादुर बोहरा द्वारा प्रस्तुत गरिएको पूर्व बजेट छलफलका लागि तयारी दस्तावेज माथिको छलफल २०७७ साल जेष्ठ १४ गते विहान ११.०० बजे देखि शुरु हुने भएकोले उक्त समए सम्मको लागि बैठक स्थगित भएको घोषणा गर्दछु ।